# अध्याय : एक

## अध्ययनको परिचय

### १.१ अध्ययनको पृष्ठभुमि

विश्वको कुनै पनि क्षेत्र वा मुलूकहरुमा रहेका वेरोजगार श्रमशक्तिहरु विश्वको कुनै अर्को क्षेत्र वा मूलुकमा रोजगारको लागि जाने क्रमलाई नै वैदेशिक रोजगार भनेर भनिन्छ । एक मूलुकको श्रम बजारको श्रमशक्ति अर्को मूलुकको श्रमबजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । विश्व बजारमा रहेको श्रमशक्तिको व्यवस्थित निर्यात गर्न आवश्यक काम लगाई दिने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (वैदेशिक रोजगार ऐन २०६४) ।

सन् १९५० को सन्धि अनुसार नेपाल र भारत दुवै देशको जनतालाई स्वतन्त्र पूर्वक आवतजावत गर्न दिइने सम्पत्ति र सुरक्षाको अधिकार दिइएकाले पनि कुनै पनि व्यक्ति एक देश (नेपाल) वा अर्को (भारत) र भारत बाहेक अन्य कुनै देशमा जादा राहदानी र प्रवेशज्ञाको व्यवस्था नभई नहुने कुराहरु हुन् । अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीको अन्तर्राष्ट्रिय परिभाषा तयार गरिएको छ । जस अनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिसहरु जुनसुकै निश्चित समयमा काम गर्दछन् भने त्यसलाई रोजगारी भन्दछन् । नगद वा वस्तुमा ज्याला लिएर काम गर्नुलाई ज्याला भुक्तिानी लिनेलाई रोजगारी भनिन्छ भने आफ्नै व्यवसायमा ज्याला नलिई काम गर्नुलाई स्वरोजगारी भनिन्छ (रेग्मी, २०५६) । त्यसकारण काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिसहरु जुनसुकै समयसम्म काम गर्न सक्ने सक्षम श्रम शक्तिलाई रोजगार भनेर भनिन्छ ।

सन् १८१५ तत्कालीन साम्राज्यले भारतमा गोर्खा सामाज्यले भारतमा गोर्खा सैनिक बटालीयन स्थापना भएपछि सुरु भएको हो नेपाल वैदेशिक रोजगार । सन् १८१५ भन्दा पहिला पनि नेपाली कामदारहरु भारतको आसाम, मेघालय, मणिपूर, वर्मा, भुटान, दार्जलिङ आदी ठाउमा आप्रवासी वा रोजगारीका लागी आवतजावत गरेको पाइन्छ । यी स्थानमा नेपाली कामदारहरु जङ्गल फडानी, कोइला खानी कृषि, चिया बगान, खर खेती अदि क्षेत्रमा रोजगारमा जाने क्रम अझ बढ्दो मात्रामा छ । तर भारत बाहेक तेस्रो मुलुकमा गैर कानुन वा सरकारी क्षेत्रमा रोजगारीमा जाने प्रकृया भने करिब दुई

दशक अगाडिदेखि सुरु भएको हो (पोखरेल २०५७) । यसरी नेपालीहरु रोजगार र व्यवसाय - व्यापारको लागि भारत लगायत अन्य खाडी मुलुक वा देशमा जाने प्रचलनमा नै वैदेशिक रोजगारको सुरुवात भएको हो भन्न सकिन्छ ।

विकासशिल राष्ट्रहरुको सुचीमा पर्ने नेपाल शिक्षा स्वास्थ्य गरिबी जस्ता समस्याबाट पिल्सिएको यो देश अझै माथि उठ्न सकेको छैन । कृषि प्रदान देशको रुपमा रहे तापनि कृषि क्षेत्रको उचित रुपमा विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर रहेका बहुसङ्ख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्वयकता परिपूर्ति गर्नको लागि भौतारिनु पर्ने अवस्था छ (के. सी. २०६६) ।

नेपाल जीवनस्तर सर्वेक्षण ०६६/६७ तेस्रो अनुसार समग्रतामा विगत ७ दिनमा कुनै व्यक्तिले १ घण्टा कुनै आर्थिक काम गरेको भए सो व्यक्तिलाई हाल "रोजगार" भएको मानिन्छ । अर्को तर्फ विगत ७ दिनमा कुनै काम नगरेका तर कामको खोजीमा रहेको काम पाउने आश्वासन पाएको व्यक्तिलाई भने "वेरोजगार" भनिन्छ । यसरी 'रोजगार' र 'वेरोजगार' व्यक्ति आर्थिक रुपमा सक्रिय मानिन्छ र यी दुईको जोडलाइ 'श्रमशक्ति' भनिन्छ (के.त.वि २०६८) । यसरी आर्थिक रुपमा आम्दानी गर्न सक्षम भएको रोजगार वा वेरोजगार व्यक्तिहरुलाई श्रमशक्ति भन्न सकिन्छ ।

नेपाल भौगोलिक हिसाबमा अन्य मुलुकहरु भन्दा अत्यन्त कठिन अवस्थामा रहेको पाइन्छ । जसले गर्दा आबश्यक मात्रामा विकास हुन सकेको छैन । त्यसैले कामको खोजिमा युवा जनशक्ति वैदेशिने क्रम बढ्दो क्रममा रहेको पाइन्छ । नेपालमा वि.सं. २०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २६४९४५०४ रहेको छ । यसमा महिलाको जनसङ्ख्या १३६४५४६३ पुरुषको १२८४९०४१ जना रहेको छ (राष्ट्रिय जनगणना २०६८ केन्द्रीय तथ्याक विभाग) ।

वैदेशिक रोजगार व्यवसायिक रुपमा वि.सं.२०४२ सालबाट सुरु भए तापनि यस अवधिको तथ्याङ्कलाई पहिलाको सरकारले राम्रोसँग तथ्याङ्क राख्न नसक्नाले हेलचेक्र्याइ भएकोले गर्दा २०४२ सालको तथ्याङ्कलाई समेट्न नसक्ने हुनाले वि.सं. २०६५ देखि २०७१ साल सम्मको तथ्याङ्कलाई समेटेको छु । यस अध्ययनले वैदेशिक रोजगारमा जाने युवाको क्रम सङ्ख्या निरन्तर रुपमा बढ्दै गएको पाइन्छ । जुन तथ्याङ्कबाट थाहा हुन्छ, अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्षमा रोजगारमा जानेको सङ्ख्या वृद्धि हुँदै गएको पाइन्छ । आर्थिक वर्ष २०५१/ ०५२ देखि आर्थिक वर्ष २०६२/२०६३ सम्ममा वैदेशिक रोजगारमा जानेको सङ्ख्या ७५,८६७५ जना रहेको थियो । यसमा महिला कामदार २.५८%

रहेको थियो । -नोट आ.व. २०६३/०६४ देखि रोजगार विभागमा सफ्टवेयर प्रयोग गरी तथ्याङ्क राख्न सुरु गरिएकोले सो भन्दा अगाडिको वैदेशिक रोजगारमा गएका लैङ्गिक सङ्ख्या छुट्याउन नसकिएको हो (वैदेशिक रोजगार विभाग) । आर्थिक वर्ष २०६४/२०६५ देखि आर्थिक वर्ष २०७०/०७१ सम्मको विवरण अनुसार वैदेशिक रोजगारमा जानेको जम्मा जनसङ्ख्या २७४८२४ रहेको थियो । यसमा महिलाको सङ्ख्या ९५९८ र पुरुषको सङ्ख्या २६५२२६ रहेको थियो (वैदेशिक रोजगार विभाग, २०७१ रिपोर्ट) ।

नेपाल सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन ऐन नियमावली बनाएको छ । वैदेशिक रोजगार ऐन २०४२ को दफा ४ मा राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगारको लागि १०८ वटा मुलुकको लागि श्रम स्वीकृति दिएको छ । नेपाल सरकारले वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको स्थापना आयोग गठन गरी सरकारले श्रम स्वीकृति दिएपछि स्वीकृत लिएर प्रक्रियागत रुपमा विदेश जाने व्यक्तिहरुको मात्र तथ्याङ्क राखिएको पाइएको छ । नेपाल वैदेशिक रोजगार विभागका तथ्याङ्क अनुसार(वै.रो.वि.२०७१) भारत बाहेक अन्य मुलुकमा जाने जनशक्ति ३०,००,००० भन्दा अझ बढी रहेको कुरा सार्वजनिक रहेको छ । यसरी वैदेशिक रोजगार विभागबाट श्रम स्वीहकृति लिएर जाने कामदारको मात्र तथ्याङ्क राख्ने गरिएको पाइन्छ भने भारतको बाटो हुँदै वैदेशिक रोजगारमा जानेको सङ्ख्या पनि बढ्दो रुपमा रहेको छ । जुन नेपाल सरकारबाट श्रम स्वीकृति नलिइकन दलालको भर युवा पिढीहरु बैदेशिक रोजगारमा गएका छन् । त्यस्तो तथ्याङ्क थाहा पाउन सकिएको छैन । त्यसैले गर्दा खाडी मुलुकमा गएर कामदार अलपत्र पर्ने गरेको पनि पाइन्छ । वैदेशिक रोजगार सेवामा जानेको लागि आर्थिक वर्ष २०६७/०६८ मा श्रम तथा रोजगार प्रवर्द्धन मन्त्रालयबाट ८५० वटा म्यानपावर संस्थालाई इजाजत प्राप्त गरिइएको पाइन्छ । तर अहिले २६७ वटा म्यानपावरलाई मात्र इजाजत रद्द गरिएको छ । दैनिक रुपमा १२०० भन्दा बढी कामदार वैदेशिक रोजगारमा जाने गरेको तथ्याङ्क रहेको  छ । यसरी वैदेशिक रोजगारमा जाने कामदारहरुमा संस्थागत व्यक्तिगत र गैरकानुनी रुपमा जाने गरेको पाइन्छ  भने गैरकानुनी रुपमा कति वैदेशिक रोजगारमा जाने गरेका छन् भन्ने कुराका तथ्याङ्क राख्न कठिन परेको छ । यसरी वैदेशिक रोजगारबाट नेपालमा मासिक रुपमा करोडौंको रेमिटान्स भित्रिएको छ  जसले गर्दा नेपालको आर्थिक क्षेत्रको विकास भएको छ तर यो लामो समयको लागि भने हुन सक्दैन (वैदेशिक राजगार विभाग २०७१) ।

यो अनुसन्धान चितवन जिल्ला अन्तर्गत पदमपुर गा.वि.स. को १ वडालाई लिई वैदेशिक रोजगारी र त्यसको सामाजिक र आर्थिक प्रभावको बारेमा केन्द्रीत छ । वैदेशिक रोजगारीमा संलग्न भइसकेपछि विप्रेषणको प्रभाव सम्बन्धित क्षेत्रको परिवार तथा समाजमा कस्तो परेको छ भन्ने विषयमा यो अनुसन्धान केन्द्रित रहेको छ । वैदेशिक रोजगारीले सामाजिक, सांस्कृतिक सम्बन्ध र पारिवारिक स्थितिमा कस्तो प्रभाव पारेको छ साथै वैदेशिक रोजगारीमा जाने युवाहरुको पृष्ठभूमी कस्तो छ, त्यस्तै वैदेशिक रोजगारको कारण पत्ता लगाउनु जस्ता कुरा यस अध्ययनमा प्रस्ट्याइएको छ ।

## १.२ समस्याको कथन

नेपाल सरकारले विश्वाशिलो र व्यवस्थित ऐन निति नियम बनाएको छ । नेपाल सरकारले वैदेशिक रोजगारबाट हुने आर्थिक आय र रोजगारमा जानेको मात्र साङ्ख्यकीय रेकर्ड राख्ने काम मात्र गरेको छ । तर वैदेशिक रोजगारले कामदारको सामाजिक तथा आर्थिक पक्षमा पारेको पभाव, सीप र दक्षतामा पारेको प्रभाव, प्रविधि हस्तान्तरण वैदेशिक रोजगारले घर परिवारको तहमा ल्याएको परिवर्तन बारेमा अध्ययन अनुसन्धान गर्न सकेको छैन । यो आफैंमा एउटा अनुसन्धानको विषयवस्तु हुनसक्छ । जसले गर्दा अनुसन्धान गर्न खोजिएको हो ।

नेपाल कृषि प्रधान देश एवम् विकासोन्मुख तथा १० वर्ष जनयुद्धबाट गुज्रिएको मुलुक भएकोले देशमा विकासका कामहरु राम्रोसँग सञ्चालन हुन नसक्दा वेरोजगार तथा अर्धवेरोजगारको सङ्ख्या दिन प्रतिदिन वृद्धि हुँदै गएकोले नेपाली श्रमिकहरु रोजगारको खोजिमा वैदेशिक रोजगारमा जान बाध्य भएका छन् (के.सी., २०६६:५२) ।

वर्तमान समयलाई हेर्दा रोजगारी, अर्धरोजगारी र बेरोजगारी गरी ३ किसिमका श्रम शक्तिहरु देख्न सकिन्छ । रोजगारलाई वर्तमान समयमा हेर्दा पनि रोजगार हुने व्यक्तिहरु आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने साथै जनचेतना भए तापनि हाल शिक्षामा आएको प्रतिस्पर्धाका कारण आफ्ना सन्ततिहरुलाई प्राइभेट स्कुलमा पढाउने चलनले गर्दा ती रोजगार वर्गलाई पनि आफ्नो घरयासी आवश्यकता परिपूर्ति गर्न पनि धौ -धौ परिरहेको हुँदा आफ्नो पारिवारिक जीवन राम्रो पार्न सकिन्छ भनेर पनि वैदेसिक रोजगारमा गएका छन् । त्यस्तै अर्धवेरोजगार वर्गका पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि समस्या परिरहेको छ । जसले गर्दा विदेशमा गई आफ्नो आधारभूत आबश्यकता परिपूर्ति गर्न सहज र सरल हुन्छ कि भनेर साथै केहि रकम वचत गर्न सकिन्छ

कि भनेर पनि वैदेशिक रोजगारमा गएका छन् । अर्कोथरी वेरोजगार वर्गमा दक्ष तथा अदक्ष दुवै खालका श्रमशक्ति पर्दछन् । यी जनशक्तिहरुमा पनि स्वदेशमा आफ्नो योग्यता, क्षमता अनुसारको रोजगार नपाएर, पढाइ विचैमा छाडेका आर्थिक अवस्था कमजोर भएका साथीभाई विदेसिएको देखेर घर - परिवारको सल्लाह आदि कारणले पनि वैदेशिक रोजगारमा जान बाध्य भएको देख्न सकिन्छ ।

यसरी श्रमिक युवाहरु वैदेसिक रोजगारप्रति आकर्षण हुनुको कारण खोज्दै युवाको कमिले उत्पादकत्व क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्दै वैदेशिक रोजगारबाट प्राप्त रकमबाट के कस्तो क्षेत्रमा खर्च गरेका छन् ? वैदेशिक रोजगारबाट प्राप्त रकमले उनीहरुको पारिवारिक जीवनशैलीमा के कस्तो प्रभाव परेको छ, साथै वैदेशिक रोजगारबाट स्वयं व्यक्ति फर्किएर आइ सकेपछि समाजमा कस्तो खालको प्रभाव परेको छ ? भन्ने जस्ता विविध विषयमा खोजी गर्नको लागि मैले मेरो अनुसन्धानलाई अगाडि बढाई निम्न प्रश्नहरुलाई समस्याको रुपमा उठाउन खोजेको छु ।

क) वैदेशिक रोजगारमा संलग्न परिवारको रोजगारमा जानु अघि र गईसकेपछिको आर्थिक र सामाजिक अवस्था कस्तो रहको छ ?

ख) वैदेशिक रोजगारमा जाने कामदारहरुको उमेर, शैक्षिक अवस्था के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि विषयको बारेमा अध्ययन गर्नुको पछाडि निश्चय पनि उद्देश्य रहेको हुन्छ । त्यसैले मेरो अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारले परिवार तथा समाजको विभिन्न क्षेत्रमा पारेको प्रभावको वारेमा अध्ययन गरि वैदशिक रोजगारी प्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु रहेको छ । यसका मूल उद्देश्य निम्न रहेका छन् ।

१. वैदेशिक रोजगारीले सो परिवारमा पारेको सामाजिक, आर्थिक प्रभावको विश्लेषण गर्नु ।


२. वैदेशिक रोजगारीमा जानु पर्ने कारणहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

यस अन्तर्गत अध्ययको उद्देश्य अनुसार अगाडि सारिएका प्रश्नहरुलाई आधार बनाएर समाजशास्त्रीय अवधारणा अनुसार विभिन्न तथ्याङ्क विधिहरु ( अन्तर्वार्ता, र अवलोकन ) प्रयोग गरी अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा पारेको आर्थिक तथा सामाजिक एवं रोजगारबाट फर्किएका

व्यक्तिहरुले समाजमा पारेको प्रभावको वारेमा विभिन्न किसिमका सूचना तथा तथ्यहरुको आधारमा प्राप्त सैदान्तिक एवं अनुभविक निश्कर्षलाई आधारमा अगाडि दिनमा यसै विषयवस्तुहरुमा अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि यो महत्वपूर्ण द्धितीय स्रोत हुन सक्छ । यसका साथै वैदक रोजगारले समाजमा पारेको प्रभावको मूल्या ङ्कन गरी समस्या समाधानमा समेत सम्बन्धित पक्षको ध्यान केन्द्रित गराउन सहयोग हुन्छ ।

## १.५ अवधारणागत ढाँच




अवधारणगत खाका अनुसार वैदेशिक रोजगारीले समाजमा सामाजिक र आर्थिक क्रियाकलापमा प्रभाव पारेको देखिन्छ । वैदेशिक रोजगारीमा सम्लग्न हुनु भन्दा अगाडि सामाजिक, आर्थिक सम्बन्धमा नाजुकखालको सम्बन्ध थियो त्यस किसिमको सम्बन्ध वैदेशिक रोजगारीमा सम्लग्न भएपछि आर्थिक सामाजिक पक्षहरुमा प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारीले व्यक्ति तथा परिवारको पेशा, आम्दानी जस्ता आर्थिक पक्षहरुमा परिर्वतन गराएको छ त्यस्तै यसले व्यक्ति तथा परिवारको सामाजिक, पक्षहरु उमेर, लिङ्ग, शिक्षा जस्ता कुराहरुमा पनि परिर्वतन गराएको छ । त्यसैले वैदेशिक रोजगारीले सम्लग्न

व्यक्ति तथा परिवारका आर्थिक, सामाजिक तथा पक्षहरुमा परिवर्तन आएको देख्न सकिन्छ । यसले आर्थिक गतिविधिमा प्रगति, रोजगारीमा पहुँच, महिलाहरु घरभित्र तथा बाहिरको काममा सहभागि जस्ता पक्षहरुमा प्रभाव परेको देखिन्छ ।

मुलुक भित्रै रोजगारीका अवसरहरु कम हुनका कारण वैदेशिक रोजगारीलाई एक वैकल्पिक माध्यमका रुपमा लिएको छ । यसले वैदेशिक रोजगारीमा सम्लग्न व्यक्ति तथा परिवारहरुको आर्थिक, सामाजिक, पक्षहरु माथि प्रभाव पारेको देखिन्छ । वैदेशिक रोजगारीसँग आर्थिक पक्षको सम्बन्ध रहेको छ । आफूबसिरहेको स्थानमा रोजगारीको अवसर नहुनु, जमिनको उब्जाउ कम, कृषि पेशा, पशुपंछी पालन, निम्न आयस्रोतले गर्दा युवाहरु रोजगारीप्राप्तिसँगै आफ्नो उज्वल भविष्य वनाउन विदेश तर्फ लागेको देखिन्छ । त्यस्तै सामाजिक पक्षहरुको पनि वैदेशिक रोजगारीसँग सम्बन्ध रहेको छ । उमेर, शिक्षा, धर्म, लिङ्ग, वेरोजगारी, तालिम, सांस्कृतिक मुल्यमान्यताले गर्दा युवाशक्ति विदेशपलायन भएको अवस्था छ । यसको आर्थिक गतिविधिमा प्रगति, रोजगारीमा पहुँच, महिलाको घरभित्र बाहिरको काममा सहभागिता, सामाजिक गतिविधिमा युवाको कम सहभागिता, बजारमा आश्रित, विदेशि रहनसहन, सामाजिक गतिविधिमा प्रगति, गतिविधिमा परिर्वतन जस्ता क्षेत्रमा प्रभाव परेको छ । यसबाट समाजको आर्थिक, सामाजिक पक्ष माथि परिर्वतन भइरहेको छ ।

## १.६ अध्ययनको संगठनात्मक स्वरुप

अध्याय पाँचमा वैदेशिक रोजगार आर्थिक सामाजिक सम्वन्ध अन्तर्गत वैदेशिक वैदेशिक रोजगारको प्रकृया र वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक अवस्था, आर्थिक विवरण, पेशा, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग, सामाजिक तथा आर्थिक प्रभाव र वैदेशिक रोजगारप्रतिको धारणाको वारेमा उल्लेख गरिएको छ । साथ-साथै अध्याय छ मा यस सोधपत्रको लागि जति पनि अध्ययन तथा अनुसन्धान गरिएको छ । त्यसको सिलसिलावद्ध रुपमा सारंश र निश्कर्षको वारेमा उल्लेख गरिएको छ ।

# अध्याय : दुई

## पूर्व साहित्यको अध्ययन

### २.१. नेपालमा वैदशिक रोजगारको इतिहास

पुँजीवाद र नेपाल (२०७०) भन्ने पुस्तकमा चैतन्य मिश्र लेख्नु हुन्छ - नेपालमा भएको राणाकालीन समयमा भएको श्रम र श्रमिकको आयात निर्यात र आगमन सँगसँगै लाखौंलाख नेपाली श्रमिकहरु रोजीरोटीको खोजिमा भारतको दार्जलिङ्ग, सिक्किम, भुटान, मेघालय, आसाम नागाल्याण्ड, मिजोरका साथै वंगाल, विहार उत्तर प्रदेश र भरतका अरु दक्षिण राज्यहरुमा इष्ट इन्डिया कम्पनी र ब्रिटिश इन्डिया सरकारको अगुवाइमा उत्तरपूर्वी भारत, सिक्किम, दार्जलिङ्गका नयाँ एकल खेती-व्यापार गरिने चिया, पशुपालन गर्ने, खेती गर्ने ठुलो पैमानमा नेपालीहरु त्यसतर्फ लागे । यसैगरी भू-भाग र भारतका अन्य क्षेत्रमा मौसमी किसिमको श्रमिकको माग पुरा गर्ने किसिमले पनि धेरै मनेपालीहरु भारत तर्फ लाग्ने क्रम प्रवल बन्दै गयो । यस कुरालाई सहमत जनाउँदै जोज शर्मा र गणेश गुरुङ्ग (२००९) उल्लेख गर्नु हुन्छ नेपाल एक कृषिप्रधान देश हो । यहाँको जीविकोपार्जनको लागी कृषिमा भर पर्नु पर्ने वाध्यता  छ । यसै क्रममा नेपालीहरु विदेश गइ काम गर्ने चलन धरै पहिले देखि भएको देखिन्छ । भारतसँग पहिला देखि नै सामाजिक, आर्थिक, सांस्कृतिक आदि विषयमा निकट सम्बन्ध रहेको- छ, त्यस्तै खुल्ला सीमानाका कारणलृ गर्दा विना रोकतोक धेरै नेपालीहरु भारत गई काम गर्दै आएको ऐतिहासिक परम्परा रहि आएको देखिन्छ । नेपाल ब्रिटिस युद्ध पछाडी वैदेशिक रोजगारीको सुरुवात नेपालीका लागि औपचारीक रुपमा भयो । नेपालीलाई ब्रिटिस सेनामा त्यस पछाडि लिन थाल्यो । सेनाको रुपमा बाहेक दार्जेलिङ्गका चिया वगान र आशामको जगंलमा काम गर्नको लागि १९ औं शताव्दीमा वैदेशिक रोजगारीमा जान थाले (शर्मा र गुरुङ्ग, २००९:२) ।

A very serious issue of Nepal (2006) भन्ने पुस्तकमा सुदिप अर्याल लेख्नुहुन्छ - सन् १९७०/८० को दशकमा मध्यपूर्वि एसियाली मुलुकमा तेल खानी पत्ता लागेपछि दक्षिण पूर्वी एसियाली श्रमिकहरुको बसाँइसराई बढ्न थाल्यो । तीसवर्ष यता रोजगारीको लागि दक्षिण पूर्वी एसियाली श्रमिकहरुको मलेसिया तथा खाडी मुलुकहरुमा जान थाले । त्यस ठाउँको आर्थिक अवस्था वलियो भएको हुँदा नेपाल, श्रीलंका, भारतका श्रमिकको माग वढेको छ । भारत बाहेक विदेश जाने ५ लाख

भन्दा बढी छन् त्यस्तै गैह्कानुनी रुपमा जाने पनि त्यतिकै छन् । तिनीहरुको तथ्यांकिय तथ्य राख्न सकिएको अवस्था छैन । उनीहरुले विदेशमा सिकेको प्रविधि, सिपहरुलाई समेत नेपाल ल्याउने देखिन्छ जसको उदाहरण चिया खेतीलाई लिन सकिन्छ ।

कानुनी किताब व्यवस्था समिति (२०६४) मा उल्लेख भए अनुसार विदेश जाने प्रचलनको विकास र विस्तार सन् १९५० को दशकमा भएको हो । यसपछि नेपाल पनि खुल्ला अर्थव्यवस्था अगाडि बढ्न थाल्यो र सन् १९६३ साल पछि विभिन्न ठाँउमा नेपाली आप्रवासीलाई दुःख दिएको अनि रोजगारीमा गएका व्यक्तिले पनि दुःख पाएको तथ्य प्रकाशनमा आउन थाल्यो यसका साथै निजी क्षेत्रहरुको सहभागीता विभिन्न देशमा वढ्न थाले पछि नेपाल सरकारले वैदेशिक रोजगारीलाई सरल सहज तथा पारदर्शि र सबैको पहुँचमा पुरचाउनका लागि वि.स. २०२८ सालमा गठन गरिएको श्रम विभाग र वि.स.२०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवथित र परिमार्जित गर्दै लैजाने नीति लिन थाल्यो । यसरी जव मन्त्रालयको गठन भयो त्यस पछाडि वैदेशिक रोजगारलाई कसरी व्यवथित गर्न सकिन्छ र भैपरी आउने जटिल समस्या समाधानको लागि वि.स.२०४२/०३/०२ देखि लागु हुने गरी  वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो । यस ऐन आएपछि वैदेशिक रोजगारका क्षेत्रमा केही परिमार्जित सरलता आएकोले यस क्षेत्रको संस्थागत विकासमा एउटा परिवर्तन नै आयो । यस ऐनलाई विभिन्न समयमा संशोधन गर्दै हाल मिति २०६२/०५/१९ गते देखि लागु हुने गरी संशोधित वैदेशिक रोजगार ऐन २०६४ तथा बैदेशिक रोजगार नियमावल २०६४ निर्माण भएको छ ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार संचालन गर्न पाउन मुलुक तोक्ने व्यवस्था रहेको छ । उपयुक्त तोकिएका मुलुकहरु मध्ये वैदेशिक रोजगार कुनै मुलुकमा वैदेशिक रोजगार व्यवसाय संचालन गर्न नपाउने गरी खास समयका लागि संस्थागत गर्न सकिने छ भनी उल्लेख गरीएको छ ।

ब्रिटिसहरुले नेपाली वीर योद्धाहरुलाई आफ्ना सेनामा सामेल गराउने मनसायले सन् १८१६ मा सुगौली सन्धी अनुरुप उनीहरुका ३ वटा रेजिमेन्ट स्थापना गरी ती रेजिमेन्टहरुलाई लाहोर (हालको पाकिस्तान) मा राखेका थिए । ती रेजिमेन्टमा भर्ना हुन प्राय नेपालीहरु लाहोरमा नै जाने गदर्थे । यसरी लाहोर  जाने नेपालीहरुसँग उनीहरुका परिवारका अन्य सदस्यहरु पनि सँगसँगै जाने र त्यहाँको होटल कलकारखाना आदि काम गर्न थाले । यसरी ति रेजिमेन्टहरमा भर्ना हुनेमा हालका गोर्खा, लमजुङ्ग तनहुँ

कास्की आदि क्षेत्रबाट बढीको सख्या रहेको थियो यसका साथै त्यस वेलाको नेपाली पहिचान नेपाल भन्दा गार्खा नामले बढी चिनिने भएकाले लाहोरमा उनीहरु गोर्खालीका नामले चिनिन थाले भने नेपालमा ती रोजगारीका लागी विदेश जाने आउने नेपालीहरु लाहुरे भन्न थालियो (पोखरेल, २०५७) ।

सन् १८१६ भन्दा पहिले पनि नेपाली श्रमशक्ति जानी नजानी भारतको मेघालय, आशाम, मणिपुर, दार्जेलिङ्ग भुटान, वर्मा, मलेसिया आदि मुलुकहरुमा वैदेशिक रोजगारी र आप्रवासीका लागि आवतजावत गरेको पाईन्छ । त्यहाँ गएर नेपाली श्रमिकहरुले कृषि, खानी, चिया वगान, रवर उद्योग आदिमा संम्लग्न भई आर्थिक संकलन गरेको देखिन्छ (पण्डित, २०५७) ।

यसै सन्दर्भमा नेपाल सरकारले दुवई, कतार, साउदि, मलेसिया, इजिप्ट, फ्रान्सलगायत विश्वका १०८ मुलुकहरुमा  वैदेशिक रोजगार सचालनं गर्न इजाजत प्राप्त संस्था (६१३ मेनपावर ) लाई सेवा सचालनं गर्न इजाजत दिएपनि हाल इराकलाई रोक्का गरेकाले वर्तमानमा जम्मा १०७ मुलुकहरुमा वैदेशिक रोजगारीको लागि खुल्ला गरिएको छ (वै.रो.प्र.वो., २०६८) । यसैगरी नेपाल सरकारले केही मात्रामा भएपनि वंगलादेश, चीन, जर्मन, मलेसिया, अमेरिका लगायत मुलुकहरुमा नेपाली दुतावासहरु संचालन गरेको छ ।

वैदेशिक रोजगार रिपोर्ट (२०६८) अनुसार वैदेशिक रोजगारी सम्वन्धि विभिन्न तथ्यांक अनुसार विश्वभर २० करोड  ५० लाख भन्दा बढी नागरिक आफू जन्मेको भूमि छोडेर कामका लागि अन्य मुलुकमा गएका देखिन्छन् । नेपालको सन्दर्भमा  वैदेशिक रोजगार विभागको तथ्यांकलाई हेर्ने हो भने आ.व.२०५०/०५१ असार मसान्त देखि आ.व.२०६२/०६३ को असार मसान्तसम्ममा श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जाने जम्मा ७५८६७५ जना त्यस्तै आ.व. २०६३/०६४ देखि २०६७/०६८ को असार मसान्तसम्ममा श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जाने जम्मा १३२२३५९ जना छन् त्यसमा ३४१४१ जना महिला छन् भने २१८८२१८ जना पुरुष रहेका छन् । यसबाट के देखिन्छ भने नेपालीहरु वैदेशिक रोजगारीमा जाने क्रम प्रत्येक वर्ष वढ्दै गइरहेको छ ।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई दुई किसिमले परिभाषित गरेको देखिन्छ । तलवी रोजगारः यस अन्तर्गत व्यक्तिहरु जसले कुनै निश्चित समयमा कुनै कार्य गरे वापत ज्याला, नगद, जिन्सी वा तलव प्राप्त गर्दछन् । त्यस समयमा विदामा वसे तापनि उनीहरुको कार्य औपचारीक रुपमा सम्वन्धित हुन्छन् भने ती तलवी रोजगार अन्तर्गत पर्दछ । स्वरोजगार : यस अन्तर्गत कुनै व्यक्ति

वा सदस्यले आफ्नै व्यवसाय ज्याला नलिई पारिवारिक लालनपालन नगद वा जिन्सीको लागी आफैंले गर्ने कार्य वा रोजगारी पर्दछ ।

## २.२ नेपालमा वैदेशिक रोजगारको प्रभाव

नेपालका अधिकाशं जनता ग्रामिण क्षेत्रमा बसोवास गर्दछन् । आर्थिक रुपले सक्रिय जनसंख्याको ८१ प्रतिशत जनता कृषि पेशामा लागेको पाइन्छ (राष्ट्रिय जनगणना, २०५८) । ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि व्यवसाय पनि जीवन धान्न किसिमको मात्र हुदाँ वार्षिक रुपमा थपिने वेरोजगारीको कारणले श्रमशक्तिलाई रोजगारीको समस्या परेको छ । नेपालका उद्योग प्रतिष्ठानहरुमा रोजगारी प्राप्त गर्ने मनसायले ग्रामिण श्रमशक्ति शहर केन्द्रित हुदै शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्या अधिक भएको, गाउँबाट आन्तरीक बसाइसराइ एवं कामको खोजिमा आउनेले पनि वेरोजगारी समस्या झन् विकराल हुँदै गएको छ ।

वैदेशिक रोजगार ऐन लागू भएपछि वैदेशिक रोजगार सेवा एवं व्यवसायलाई व्यवस्थित र संथागत रुपले विकास गर्न छैटौं योजना देखि सुरु भएको हो । यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत अन्तरिम त्रि-वर्षिय योजनामा समेत नेपाली श्रमिकहरुको निम्ति वैदेशिक रोजगारीका अवसरहरु पहिल्याउदै, श्रमिकहरुको ज्यानधनको सुरक्षाका लागी नेपालका कुटनितिक नियोग वा अन्य सरकारी निकायहरुलाई परिचालन गरिने कुरा उल्लेख गरिएको (रा.यो.आ, २०६५) ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरुले विभिन्न सस्थां मार्फत जाँदा नेपाल सरकारले तोकेको रकम भन्दा बढी नतिरोस भन्न विभिन्न देशमा जानको लागि अधिकतम् कुल लागतलाई विभिन्न देश अनुसार फरक फरक ढंगले निर्धारण गरिएको छ (वै.रो.प्र.वो, २०६८) ।

वैदेशिक रोजगारले रोजगारी र अवसरहरु दिन्छ जुन आफ्नो जन्म भूमिमा हुदैन, त्यस्तै यसले राजनैतिक र आर्थिक रुपमा पनि बलियो वनाएको छ भने निवृती लिएको छ (शर्मा र गरुङ्ग, २००९) ।

नेपाल एक कृषिप्रधान देश हो । कुल ग्राह्स्थ उत्पादनको ४ प्रतिशत भन्दा कम उत्पादनको कृषिबाट हुन्छ । त्यसैले कृषिले सबै जनशक्ति थाम्न सकिरहेको छैन तैपनि ४.९ प्रतिशत वेरोजगार र ४७.० प्रतिशत अर्धवेरोजगारलाई घटाएको छ । गत ४/५ वर्ष अगाडी देखि नेपाल सरकारले वैदेशिक रोजगारीको लागि बसाँइसराँइ र विप्रेषणका वारेमा महत्व बुझी त्यसप्रति ध्यान केन्द्रित गरेको छ । वैदेशिक रोजगारीका समस्या समाधान गर्ने हिसावले केही संघसंस्थाहरुसगँ समन्वय गरेर अगाडि बढेको

छ । विगतका दिनहरु देखि वैदेशिक रोजगारी र  विप्रेषणमा नेपालको परनिर्भता वढेको पाइन्छ (गुरुङ्ग, २००४) ।

नेपालमा रेमिटान्सको प्रभाव धेरै देखिन्छ, ७९ प्रतिशत दैनिक जिवन चलाउन, ७ प्रतिशत ऋण तिर्न, ४ प्रतिशत घरजग्गामा, ४ प्रतिशत शिक्षा, २ प्रतिशत उत्पादन मुलुक कार्यमा विप्रषणको प्रयोग भएको देखिन्छ (CBS, 2011) ।

वैदेशिक श्रमिक बसाँइसराइले नकारात्मक प्रभाव परेको पाइन्छ । महिला वेचविखन राष्ट्रिय श्रम अभाव, भारतिय बसाइ आउने जसलाई रोक्न सरकारी नीति निर्माणमा यसलाई मुख्य मुद्दाको रुपमा लिनु पर्दछ (गुरुङ्ग,२००४) । विश्वमा नेपाल दक्षिण एशियाको  एक अल्पविकसित मुलुक हो । कुल जनसंख्याको ८५ प्रतिशत जनसंख्या ग्रामिण क्षेत्रमा कृषिमा निर्भर भई जीविका निर्वाह गर्दछन् । विभिन्न जातजाति लैंगिक भौगोलिक स्वास्थ्यका वारेमा गरिएको अध्ययनले नेपाली युवा शक्ति गाउँमा छैन् त्यसको कारण मानिस गतिशिल प्राणी हो । विश्वमा मानिस आफ्नो जन्म भुमी छाडेर अर्को ठाउँमा गइ रोजगारीमा बसेका छन् । त्यस्तै नेपालमा पनि त्यसको प्रभाव परेको देखिन्छ । जुन गरिवी, सीमित स्रोत, साधन, पहुँच, अवसर रोजगार, कृषि उत्पादन तथा द्वन्द्वका कारण अन्तराष्ट्रिय श्रम बाहिरीएको छ  (पाण्डे, २०१२) ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरु धेरै कम ज्याला हुनु, सामाजिक सुरक्षाको अभाव, काम गर्ने अवस्था नाजुक, मानव अधिकार हनन्, सामाजिक वहिस्कार, अनियमित वसाइसराइ, महिला तथा वालबालिकामा शोषण, वेचविखन, स्वस्थ्य तथा औषधिको अभाव जस्ता समस्या नेपालीले भोग्नु परेको अवस्था छ (पाण्डे,२०१२)  ।

## २.३  आर्थिक विकासमा रेमिटान्सको भूमिका

नेपालमा ५६ प्रतिशत घरपरिवारले रेमिटान्स प्राप्त गर्दछन् । त्यसलाई प्रत्येक घरपरिवारले असि हज्जार चारसय छतिस् रुपैंया रेमिटान्स प्राप्त गर्दछन् । जम्मा जनसख्याको ९ हजार दुइसय पैतालिस प्रतिव्यक्ति रेमिटान्स हुनआउँछ । नम्वरमा रेमिटान्सको स्रोत आन्तरिक र वाह्यि गरेर हुन्छ । जसमा रेमिटान्सको मुख्य स्रोत ५८ प्रतिशत नेपाल भित्रबाट प्राप्त  हुन्छ , त्यस्तै १९ प्रतिशत  भारतबाट भने अरु देशबाट भित्रन्छ । आकारमा रेमिटान्सको स्रोत देशभित्र कुल रेमिटान्सको अनुमानित २५९ करोड आन्तरिक स्रोतबाट भारतबाट २० प्रतिशत, साउदी अरव कतार २६ प्रतिशत, मलेसिया ८ प्रतिशत

भारतबाट ११ प्रतिशत र अन्य देशबाट भित्रन्छ । जम्मा रेमिटान्सको ७७ प्रतिशत व्यक्तिबाट, १९ प्रतिशत वितियसस्थाबाट, २ प्रतिशत हुन्डिबाट र अन्य साधनबाट स्थानान्तरण गरिन्छ । नेपालमा रेमिटान्सले आम्दानीमा सहयोग गरेको छ । धेरै घरपरिवारको आम्दानीको भार रेमिटान्सले बोकेको छ । नेपालमा रेमिटान्सले ३१ प्रतिशत घरपरिवारका आम्दानीको सहयोग गरेको छ । रेमिटान्सको प्रयोग हेर्दा नेपालमा के देखिन्छ भने ७९ प्रतिशत दैनिक जिवन चलाउन, ७ प्रतिशत ऋण तिर्न, ४ प्रतिशत घर, जग्गा किन्न, ४ प्रतिशत शिक्षामा, २ प्रतिशत उत्पादन मुलक कामका लागि रेमिटान्सको प्रयोग भएको पाइन्छ । रेमिटान्स क्रमिक रुपमा वढ्दै गइरहेको छ । रेमिटान्स भित्रचाउने घरपरिवार तिव्र रुपमा वढेको छ । सन् १९९५/१९९६ मा २७ प्रतिशत घरपरिवारले रेमिटान्स भित्रचाएकोमा २०१०/२०११ म वढेर ५६ प्रतिशत घरपरिवारले रेमिटान्स भित्रचाएको पाइन्छ । यसरी हेर्दा रेमिटान्स घरपरिवार अनुपातिक रुपमा वढे पनि रेमिटान्स वढ्न सकेको छैन । भारतबाट भित्रचाउने रेमिटान्स २२ प्रतिशतले घटेको र अन्य देशबाट बढेको देखिन्छ (CBS, 2011) ।

राष्ट्र बैंकले गरेको घरपरिवार सर्वेक्षणको प्रतिवेदन अनुसार कुल रेमिटान्समध्ये २५ प्रतिशत अंश पुरानो ऋण तिर्न, ४९ प्रतिशत घरजग्गामा, ११ प्रतिशत बैंक वचत, ९ प्रतिशत शिक्षा स्वास्थ्यमा र ३ प्रतिशत सामाजिक कार्यमा गरिदै आएको छ । आ.व.२०४७/४८ मा नेपालले दुई अर्व बाह्र करोड ८३ लाख रेमिटान्स प्राप्त भएकोमा सो रकम औषतमा वार्षिक ३८ प्रतिशतले वृद्धि भइ २०६२/६३ मा सन्तानब्वे अर्व त्रिपन्न करोड ६२ लाख रुपँया पुगेको थियो । हाल वर्षमा रेमिटान्स रकम ४७ प्रतिशत बढेको देखिन्छ ।

नेपालका कुल घरपरिवारमध्ये रेमिटान्स एकतिहाइ रकम प्राप्त गर्ने गरेका छन् । कुल ग्राह्स्थ्य उत्पादनको झण्डै २० प्रतिशत रकम रेमिटान्सको रुपमा हरेक वर्ष भित्रिने गरेको छ । नेपालमा भित्रिने रेमिटान्स रकमको स्रोत युरोप, अमेरिकामा विभिन्न पेसा व्यवसायमा संलग्न नेपालीबाट आएको नभइ मलेसिया, कतार, कोरिया लगायत खाडी मुलुकबाट भित्रिएको हो । विशेषगरी नेपालका ग्रामिण क्षेत्रबाट गएका निम्नमध्यम वर्गीय अदक्ष र अर्धदक्ष श्रमिक आफ्नो पारिश्रमिक बाट आर्जन गरि पठाएको रकम हो । यस रकमले ग्रामीण अर्थतन्त्रमा सजिवता ल्याएको छ ।

मुलुकको वेरोजगारी समस्या कम गर्न वैदेशिक रोजगारले महत्वपूर्ण स्थान ओगटेको छ । वैदेशिक रोजगारका लागि स्वीकृत लिनेको संख्या २०६५/६६ को वैशाखसम्ममा २३ लाख ९४ हजार २ सय ९१ पुगेको छ । प्रत्येक दिन करिव साथ सय भन्दा बढीको संख्यामा नेपाली कामदारहरु भारत

बाहेकका देशमा गइरहेका छन् । हाल करिव२० लाख नेपाली कामका लागि विदेशमा रहेको अनुमान छ ।मुलुकको वेरोजगारी समस्या कम गर्न वैदेशिक रोजगारले महत्वपूर्ण स्थान ओगटेको छ । वैदेशिक रोजगारका लागि स्वीकृत लिनेको संख्या २०६५/६६ को वैशाखसम्ममा २३ लाख ९४ हजार २ सय ९१ पुगेको छ । प्रत्येक दिन करिव साथ सय भन्दा बढीको संख्यामा नेपाली कामदारहरु भारत बाहेकका देशमा गइरहेका छन् । हाल करिव२० लाख नेपाली कामका लागि विदेशमा रहेको अनुमान छ ।

## २.४ वैदेशिक रोजगार सम्बन्धी विद्यमान ऐन तथा नीति नियम

नेपाल सरकारले वि.सं. २०३८ सालमा रोजगारलाई व्यवस्थित रुपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लैजानु पर्ने नीति नियम लिएको छ । यसरी मन्त्रालयको गठन भईसकेपछि कसरी व्यवस्थित गर्ने र भैपरि आउने जटिल समस्याको समाधानको लागि वि. सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगारको ऐन २०४२ लागु गरियो ।

हाल आएर यस ऐनलाई संशोधन गरी वि.सं. २०४६/०५/०९ देखि संशोधन वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक नियमावली २०६४ तयार पारिएको छ । यस ऐनमा वैदेशिक रोजगार सम्बन्धी कानुनलाई संशोधन गर्न बनेको ऐन प्रस्तावना वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरी सुरक्षित र मर्यादित बनाउन साथै वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको निम्ति संरक्षण गर्नको लागि वैदेशिक रोजगार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने व्यवस्थापिका संसदले ऐन जारी गरेको छ ( वैदेशिक रोजगार ऐन २०६४) ।

- "वैदेशिक रोजगार व्यवसाय" भन्नाले नेपाली नागरिकलाई विदेशमा रोजगार उपलब्ध गराउन सञ्चालन गरेको व्यवसायमा सम्झनु पर्दछ ।
- 'विभाग' भन्नाले वैदेशिक रोजगार विभाग सम्झनुपर्छ ।
- 'संस्था' भन्नाले वैदेशिक रोजगार सञ्चालन गर्न प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भएको संस्था सम्झनु पर्दछ ।
- क'इजाजत' पत्र भन्नाले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्दा दफा १० बमोजिम दिएको इजाजत पत्र सम्झनुपर्छ ।

- 'इजाजत पत्रवाला' भन्नाले दफा १०बमोजिम इजाजत पत्र प्राप्त संस्था सम्झनु पर्दछ ।
- 'सेवामूलक' भन्नाले वैदेशिक रोजगार व्यवसायीले कामदार विदेश पठाए वापत लिने रकम सम्झनुपर्छ ।

(वैदेशिक रोजगार ऐन, २०६४)

## २.४.१ वैदेशिक रोजगारीलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा रहेको अत्यन्त चलवस्तु भनेको श्रम हो । परम्परादेखि आजसम्म पनि विभिन्न दृष्टिकोणबाट श्रमलाई परिभाषित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुदैं जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटीले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक समाजशास्त्री र अन्य विद्धान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पुर्ण मान्यता दिई पृष्टि गरेका छन् । यी विभिन्न मान्यताहरु मध्ये अध्ययनसँग सम्वन्धित सैद्धान्तिक दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।


### विश्वव्यवस्था सिद्धान्त

आधुनिक सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको वेवास्ताको स्थिति आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलीको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुबीच विकासका अवास्तविक सम्बन्धहरुको सिर्जनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्व व्यवस्था सिद्धान्त विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव मार्क्सवादी सिद्धान्त वा परिनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त सुरुमा भौगोलिक विस्तार भयो । र त्यसपछिको पृष्ठभूमिबाट विश्वव्यापी रुपमा श्रम विभाजन भयो । यसैगरी १६ औं शताब्दीमा आई पुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वासमा पुँजीवादले विकास समान रुपले भएन (वालरस्टाइन उद्धित रिट्‌जर, १९९२) । किनभने धनी राष्ट्रहरु झन झन धनी साथै विकासका कार्यहरु अघि बढाउँदै जान थाले र तेस्रो देश अथवा गरिब राष्ट्रले विकासका कार्यलाई अघि बढाउन नसकी धनी राष्ट्रमा परनिर्भरता हुन थाल्यो र गरिब राष्ट्रका श्रम शक्तिहरु काम गर्नको लागि विकासशील देशमा जाने

गर्दछन् । यस सिद्धान्त अनुसार विश्वव्यवस्था अन्तर्गत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाद्य उल्पादन कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तै अफ्रिकाले दासको उत्पादन, खाद्यान्न उत्पादन, पश्चिम र युरोपले किसानको  उत्पादन र पश्चिम युरोपमा ज्यालादारी कामदार शासन गर्ने वर्ग र सीप युक्त प्रशासकहरु रहन पुगे (रिट्जर १९९२) ।

यसैगरी वालरस्टाइनका(१९७४) अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र(Free Labour) अर्धपृष्ठ क्षेत्रमा किसानहरु (Sharing Croppers) र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर (Force Labour) रहन गए । यसरी केन्द्रमा सीपमूलक र स्वतन्त्र मजदुरहरुको बाहूल्यता हुन पुग्यो । यसका साथै क्षेत्रसँग कभएका सीपमूलक र स्वतन्त्र मजदुरहरुको बाहूल्यता हुन पूग्यो । यसका साथै क्षेत्रसँग भएका सीपमूलक मजदुरलाई प्रयोग गरी विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उद्योगधन्दा सञ्चालन गरी पुँजीवादलाई विस्तार गर्न थाले । रिट्जर । यसरी ती उद्योगधन्दाहरु एसियाका अरेबियन मुलुकहरुमा पुँजीवादी राष्ट्रले स्थापना गरेपछि उद्योग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्षर अर्धदक्ष आवश्यकता भएकाले रोजगारीको लागि जान थाल्यो ।

## विश्वव्यवस्था सिद्धान्त




माथिको चित्रमा केन्द्र क्षेत्रमा बढी विकसित सम्पन्न र अन्तराष्ट्रियस्तरमा लगानी बढाएका राष्ट्रहरु पर्दछन् । जस्तै जापान अमेरिका अष्ट्रेलिया । अर्ध पृष्ठ क्षेत्रमा चाहिँ विकसित भए तापनि यी देशहरुको बाह्रय अर्थतन्त्रमा निर्णायक पकड रहेको हुँदैन । दक्षिण कोरिया, मलेसिया सिंगापुर आदि देशकहरु पर्दछन् । पृष्ठ क्षेत्रमा गरिब राष्ट्रहरु कृषि अर्थतन्त्र बढी क र कम औद्योगिक उत्पादन गर्ने राष्ट्रहरु पर्दछन् । जस्तै नेपाल कृषि अर्थतन्त्रमा अडेको छ । यहाँ औद्योगिक विकासका लागि आवश्यक

वातावरण बनेको छैन । त्यसैले युवाहरु बरोजगार बनेको देखिन्छ र अवसरको खोजीमा केन्द्र र अर्धपृष्ठ राष्ट्रमा जाने गर्दछन् । अर्धपृष्ठ क्षेत्रमा आवश्यक औद्योगिक जनशक्ति गरिब राष्ट्रको युवाहरुले पूरा गरेका छन् ।

## व्यक्तित्ववादी सिद्धान्त

शास्त्रीयवादी र नवशास्त्रीय आर्थिक सिद्धान्तले व्यक्तिगत अवधारणालाई प्राथमिकता दिन्छ । यस अवधारणाले के मान्यता राख्दछ भने व्यक्ति वैदेशिक रोजगार प्रक्रियामा आफ्नो निर्णय किन गर्दछ भने जहाँ आफुलाई अधिकतम् आम्दानी अवसरका स्रोतहरु देख्दछ, त्यसले गर्दा रोजगारीका लागि बसाइँसराईको निर्णय आफैं गर्दछ । थोरै स्रोतबाट धेरै स्वतन्त्र चाहनाहरु पुरा गर्न खोज्दछ । अर्को शब्दमा भन्नुपर्दा व्यक्तित्व अवधारणाले एउटा व्यक्तिलाई एकाईको रुपमा विश्लेषण गर्दछ । व्यक्तिको बसाईसराईले वैचारीक सदुपयोग र अधिकतम् नाफा लिन चाहन्छ । व्यक्तिले वैदेशिक रोजगीको निर्णय गर्दछ । जसबाट कति ज्याला, अवसर, रोजगारी कतिको छ भन्नेबारेमा उसको रोजगारीलाई प्रोत्साहन गराउँछ (स्पान, १९९९:२१-२२) ।

व्यक्ति ज्यालादारी र रोजगारीको अवस्था विभिन्न देशमा कस्तो छ भन्ने र वैदेशिक राजगारी गर्दाको आफ्नो अवस्था कस्तो हुन्छ भन्ने बारेमा सोच्दछ र आफ्नो आम्दानी बढाउन गतिशिल भइरहन्छ । नवशास्त्रीय सिद्धान्तले आर्कषण र विकर्षणलाई वढि जोड दिन्छ । अतिरिक्त श्रम, जनसंख्याको दवाब, वेरोजगारी, अवसरको कमी आदि कारणले वढी आम्दानी अक्तिरिक्त पूजीँ, सामाजिक सुविधा पाउने क्षेत्रमा आर्कषित हुने गर्दछ । त्यसकारण व्यक्तिले वैदेशिक राजगारी गर्ने कि नगर्ने भन्ने निर्णय गर्दछ । यस सिद्धान्तले व्यक्तिलाई कता वढी आम्दानी प्राप्त हुन्छ त्यतैतिर लाग्दछ । खर्च र आम्दानीको विकल्प हेरी व्यक्ति आफ्नो निर्णय गर्दछ । वा आफ्नो फाइदा हेरी विकल्पहरुको छान्दै जान्छ (लहव र मेसिन,२००६:३७, स्पान, १९९९:२२) ।

## ) आधुनिकीकरण सिद्धान्त

आधुनिकीकरण सिद्धान्त सन् १९५० मा उत्पक्ति भएर सन् १९६० मा विभिन्न मुलुकहरुको समाजमा लागू भएको पाईन्छ । विशेषगरी द्धितीय विश्वयुद्धमा तहसनहस भएको विश्वको आर्थिक अवस्था सुधार गर्न आर्थिक विकासको सिद्धान्तलाई जोड दिइयो । आधुनिकीकरण सिद्धान्तले पनि आर्थिक विकासको

अवधारणालाई जोड दिन्छ । आधुनिकीकरण सामाजिक, सांस्कृतिक तथा आर्थिक परिर्वतनको एक प्रक्रिया हो, समाज विकासको एक प्रक्रिया हो । यसले समाजलाई एक स्वरुप, संरचना र सम्बन्धबाट अर्को स्वरुप, संरचना सम्बन्धमा परिर्वतन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । आधुनिकीकरण सिद्धान्तले परम्परागत संक्रमणकालीन र आधुनिक समाजलाई स्पष्ट पार्दछ । यसले विभिन्न क्रियाकलाप संचालन गर्न एजेण्डा एंव मुद्राहरु उपलब्ध गराउँछ । आधुनिकीकरण भनेको परम्पराबाट आधुनिकता तर्फ वा अल्पविकसितबाट विकसित स्वरुप, संरचना, प्रक्रिया समाज वा राष्ट्रतर्फ परिर्वतन हुने प्रक्रिया नै आधुनिकीकरण हो ।

यो सिद्धान्त समाजशास्त्र/मानवशास्त्रमा सन् १९६० को दशकमा लागू भएको पाइन्छ । आर्दशको प्रक्रियाद्धारा आधुनिकीकरण हुन्छ । यसको आधार द्धैधवादी ढाँचा अनुसार सबै परम्परागत समाजहरु आधुनिक समाजहरुमा परिवर्तन हुन पाइन्छ । जसबाट गाउँको समाज शहरतिर, परम्परागत समाज आधुनिक समाजतिर परिवर्तन हुदै जान्छ । यस सिद्धान्तले वैदेशिक रोजगारी व्यक्ति फिरेर आउँदा उसले वचत रेमिटान्सका साथै आधुनिक मुल्य मान्यतासँगै ल्याउने गर्छ र आफ्नो समाजमा परिवर्तन ल्याउने गर्दछ । वैदेशिक रोजगारीमा जानेले आफ्नो देशमा कृषि कार्यमा विभिन्न प्रविधिको प्रयोग, पूजीँ, तालिम प्राप्तबाट परम्परागत कृषि कार्यबाट आधुनिकता तर्फ ल्याउँदछ । विदेशबाट फर्किएर आउनेले आधुनिक मुल्य, मान्यता, व्यक्तित्ववाद (सयुंक्त परिवारबाट एकल परिवार), शिक्षाको इच्छालाई आफ्नो जीवनमा ल्याएर परिवर्तन गराउँदछ । जसले विकसित देशको (विदेश) संस्कृति अविकसित देश (स्वदेश ) को समाजमा प्रवेश गराउँदछ । यसमा यो विश्वास छ कि कमाएको ज्याला तथा रेमिटान्सले विकासको लागि प्रयोग गर्दछ । शहरका लोभ लाग्दा अवसर, राम्रो भविष्यले गाउँमा भएको धेरै जनसख्या, उत्पादन कम हुने जमिन, वेरोजगारीको समस्याले एउटा व्यक्तिमा वैदेशिक रोजगारीमा जान प्रोत्साहन गर्दछ (रेडफिल्ड, १९४१, लेवेल्लेन, २००२:१३२) । आधुनिकीकरणलाई सामाजिक, सांस्कृतिक, मुल्य मान्यता, सीपको पुनःनिर्माण, नविकरण र रुपान्तरित दृष्ट्रिका रुपमा लिन सकिन्छ । आधुनिकीकरण सामाजिक संरचनात्मक परिर्वतनको प्रक्रिया हो । यसले केवल आर्थिक पक्षलाई मात्र जोड नदिएर समाजका हरेक संरचनाको परिर्वतन र विकासलाई जोड दिन्छ ।

# अध्याय : तीन

## अनुसन्धान पद्धति

यस अध्यायमा चितवन जिल्लाको पदमपुर गा.वि.स. वडा नं. १ अन्तर्गतको मेनपावराबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक, सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्नका लागि प्रयोग गरिएको अनुसन्धान विधिका बारेमा वर्णन गरिएको छ । ँ

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

अध्ययनका लागि चितवन जिल्ला पदमपुर गा. वि.स. को वडा नं. १ लाई छनौट गरिएको छ । जुन क्षेत्रमा बसोबास गर्ने जम्मा १५० घरधुरी रहेका छन् । बहुजातिय समुदायको बसाई, वैदेसिक रोजगार समाजमा व्याप्त हुने भएकाले तत्सम्बनन्धि जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनोट गरिएको हो । अध्ययनकर्ता पनि सोहि गा.वि.स.कै बासिन्दा भएको र अफ्नै ठाउँको वैदेसिक रोजगारमा सम्लग्न हुनाको वास्तविक कारण पत्ता लगाउन आवश्यक देखियो र सम्बन्धित जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनोट गरिएको हो । पदमपुर गा.वि.स. को ९ वटै वडालाई लिंदा सबै वडामा अनुसन्धान गर्दा आथिक,तथा दक्ष जनशक्ति थोरै भएको कारण धेरै समय लगाएर अध्ययन गर्न सम्भव नहुनाले वडा नं. १ बाट वैदेशिक रोजगारमा संलग्न घर परिवारलाई छनौट गरिएको छ । यस स्थानलाई नै अधययन क्षेत्र छनौट गर्नुको कारणहरु निम्न छन् :

१. बहुजातिय समाज हो सबै जातजातिबाट वैदेशिक रोजगारमा संलग्न भएकाले ।

२. महिलाहरुपनि उल्लेखिय मात्रामा वैदेशिक रोजगारमा संलग्न भएकाले ।

३. दिनप्रतिदिन वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढ्दै गएकाले ।

४. सदरमुकाम बाट टाढा र मोटरबाटोको सुविधा नभएकाले ।

## ३.२ अध्ययनको एकाइ,समग्र र नमुना छनोट

यो अध्ययन पुर्ण रुपमा पदमपुर गा. वि. स. को वडा न १ मा मात्र सिमित छ । अध्ययन क्षेत्रमा कुल १५० घरपरिवार बसोबास रहैको छ । यस अध्ययनका क्रममा स्तरीकृत नमुना छनोट विधि अन्तर्गत समानुपातिक नमुना छनोट विधि प्रयोग गरिएको छ

। जस अन्तर्गत समग्रबाट सबै जातिलाई समेटिने गरी ८० घरधुरी परिवार वैदेसिक रोजगारमा सम्लग्न रहेछन् । ८० घरधुरि मध्ये ६० घरधुरि वैदेसिक रोजगारमा सम्लग्न परिवार र २० घरधुरि बाट १० घरधुरि वैदेसिक रोजगारमा स्वय्म सहभागी भएका व्यतिहरु लाई गोला प्रथा द्धारा नमुनाको रुपमा छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति तथा स्रोत

अध्ययनका लागि तथ्याङ्क संकलन गर्दा दुवै प्राथमिक तथा द्वितीय र गुणात्मक तथा परिमाणात्मक विधिबाट तथ्याङ्क संकलन गरिएको हो । घरधुरी सर्वेक्षण प्रश्नावलीपत्र, अर्न्तवार्ता, अवलोकन, वैयक्तिक अध्ययन समुह छलफलको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ, भने द्वितीय संकलनको लागि गा.वि.स., जि.वि.स. वडा कार्यलय साथै विभिन्न शोधपत्रहरुको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

### ३.४.१ अन्तर्वार्ता

अनुसन्धानमा सम्बन्धित क्षेत्रका वैदेशिक रोजगारीमा संलग्न घर परिवारका सदस्य र व्यक्तिहरुसँग प्रत्यक्ष रुपमा सम्बन्धित विषयका बारेमा तयार पारिएका प्रश्नहरुका आधारमा उत्तरदाता र शोधकर्ता विच दोहोरो व्यवस्थित वार्तालाभका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यसका लागि संरचित अन्तर्वार्ता सूचीको प्रयोग गरिएको थियो । उक्त सूचीमा खुल्ला र बन्द दुवै खालका प्रश्नहरु थिए । यस अन्तर्वार्ताले अध्ययनका क्रममा वैदेसिक रोजगारमा जानु पर्ने कारणहरु,यसको असर र यसप्रति सम्बन्धित व्यक्तिहरुको अवधारण आदि सम्बन्धि प्रश्नहरु सोधि तथ्याङ्कहरु सँकलन गरिएको थियो ।

### ३.४.२ अवलोकन

खास उद्देश्य प्राप्त गर्न कार्य क्षेत्रमा नै पुगेर वैदेशिक रोजगारीमा संलग्न घरपरिवार र वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको सर्वाङ्गिण पक्षलाई ध्यान दिइएको छ । उनीहरुले गर्ने प्रत्येक व्यवहारलाई नियालिएको छ । वैदेशिक रोजगारीमा संलग्न घरपरिवार र वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुका प्रत्येक व्यवहार, क्रियाकलाप, हाउभाउ आचरण जस्ता मनोवैज्ञानिक पक्षलाई नजिकबाट नियाल्ने कार्य गर्दै उत्तरदाताका उत्तरहरु आवश्यक परे सच्याइएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण

अध्ययनका क्रममा लिईएका संख्यात्मक तथ्याङ्कलई आपश्यकता अनुसार तालिकामा प्रस्तुत गरी प्रतिशतमा उल्लेख गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई वर्णन गरिएको छ ।

## ३.६ अनुसन्धानको सीमा

प्रत्येक अध्ययन अनुसन्धानमा आफ्नै प्रकारको सीम वा कमजोरी रहेको हुन्छ । यो अनुसन्धानले पनि पदमपुर गा.वि.स. को एउटा वडालाई मात्र समेटेको छ । यो अध्ययन सिमित उद्देश्यहरुमा मात्र सिमित रहेकमे छ जसले वैदेसिक रोजगारले समाज तथा परिवारम परेको  सम्पुर्ण असरलाई समेट्न सकेको छैन ।

# अध्याय :४

## अध्ययन क्षेत्रको परिचय

### ४.१ भौगोलिक परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलको ५ जिल्लामध्ये नेपालको मध्यतराई भागमा अवस्थित जिल्ला चितवन हो । चितवन जिल्ला विश्व मान चित्रमा २७$^{0}$५७, उत्तरी अक्षांश र ८४$^{0}$५७ देशान्तर भित्र अवस्थित यस जिल्लाको कुल क्षेत्रफल ८६४.२५ वर्ग किलोमिटर रहेको छ । पुर्वमा मकवानपुर,पर्सा, पश्चिममा तनहुँ, नवलपरसी, उत्तरमा गोरखा, धादिङ र दक्षिणमा भारत ले घेरिएको छ । यस जिल्लामा गर्मी, अर्धतोष्ण खालको हावापानी पाइन्छ । (जिल्ला विकास समितिको कार्यालय चितवन २०७२)

चितवन जिल्लाको जम्मा जनसङ्ख्या ५,७९,९८४ रहेको छ । जसमा पुरुषको संख्या २,७९,०८७ र महिलाको संख्या ३०,०८,९७ रहेको छ (के.त.वि. २०६८) । नमूना गा.वि.स. को रुपमा परिचित पदमपुर गा.वि.स. को पूर्वमा जुटपानी पश्चिममा टिकौली जङगल उत्तरमा खगोडि खोला दक्षिणमा सुर्यपुर गा.वि.स. ले घेरिएको छ ।

### ४.२ सामाजिक परिचय

पदमपुर गा.वि.स. को जम्मा जनसङ्ख्या ५११५ रहेको छ । जसमा पुरुष २५५० र महिला २५६५ रहेको छ । यस क्षेत्रबाट वैदेखिक रोजगारमा संलग्न जनसङ्ख्या ३५४ रहेको छ । यसमा पुरुष ३०६ जना र महिला ४८ रहेको छ । पदम गा.वि.स. मा जम्मा घरधुरी ८३७ रहेको छ । ( पदमपुर गा.वि.स. कार्यलय स्थलगत सर्वेक्षण २०७२) ।

**तालिका नं. १ पदमपुर गा.वि.स. को वडा अनुसार जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | वैदेशिक रोजगारमा जाने जनसङ्ख्या | | वैदेशिक रोजगारमा जाने जम्मा जनसङ्ख्या | जम्मा जनसङ्ख्या को प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | | |
| १ | १५० | २०३ | २२७ | ४३० | ९ | २१ | ३० | ८.४१ |
| २ | ६३ | २५० | २४३ | ४९३ | ७ | ५० | ४३ | ९.६४ |
| ३ | ९१ | ३०१ | २६० | ५६१ | ६ | ५९ | ६५ | १०.९७ |
| ४ | ७१ | ४१४ | ४१९ | ८३३ | ९ | २१ | ३० | १६.२९ |
| ५ | १०० | ३०० | ३४४ | ६४४ | ७ | १९ | २६ | १२.६० |
| ६ | ८१ | १६२ | १५६ | ३१८ | ४ | ४९ | ६० | ६.२२ |
| ७ | १०३ | ३७३ | ३६७ | ७४० | ५ | ५० | ७० | १४.४७ |
| ८ | ८५ | ३०० | २९१ | ५९१ | १ | १० | ११ | ११.५६ |
| ९ | ९३ | २६२ | २४३ | ५०५ | ४ | १५ | १९ | ९.८७ |
| जम्मा | ८३७ | २५६५ | २५५० | ५११५ | ४८ | ३०६ | ३५४ | १०० |

स्रोत : पदमपुर गा.वि.स. को कार्यालय स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १ अनुसार पदमपुर गा.वि.स. मा जम्मा घरधुरी सङ्ख्या ८३७, जनसङ्ख्या ५११५ रहेको छ । यस मध्ये पनि वैदेशिक रोजगारमा जाने जम्मा पुरुषको संख्या ३०६ र महिलाको संख्या ४८ जना रहेको छ ।

जसमा महिलाको तुलनामा वैदेशिक रोजगारमा जाने पुरुष संख्या धेरै पाइयो । किनकि विदेश जानको लागि, बाहिरी काम गर्नको लागि महिलालाई भन्दा पुरुषलाई बढी मान्यता दिने गरेको पाइन्छ ।

हाम्रो समाज अझै पनि पृतृसतात्मक रुपमा नै चलेको पाइन्छ किनकि महिलारु भनेका घरबाट बाहिर निस्कनु हुँदैन, समाजको मुल्य मान्यता मान्नु पर्ने साथै घरभित्रका काम गर्ने, पुरुषले कमाएर

ल्याएको स्रोतलाई सुरक्षित गर्ने जस्ता काममा मात्र सिमित रहने हुनाले बाहिरी काममा जानको लागि घरमुलिको वा पुरुषको नै आदेश लिनुपर्ने मान्यता रहेको छ ।

हाल आएर समाज परिवर्तन हुँदै आएको छ जसले गर्दा महिलाहरुले पुरुष सरहनै काम गर्न सक्ने राम्रो वातावरणको विकास हुँदै गएको छ, महिलाले पनि केही काम गरेर आफ्नो परिवारलाई चलाउन सक्छन् भन्ने कुरालाई पुष्टि गर्नको लागि पनि महिला आफ्नो देशमा प्रयाप्त रुपमा रोजगारको अवसर नभएकाले वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

## ४.३ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको जातिगत विवरण

जुनसुकै समाजमा पनि विभिन्न जाजातिको बसोबास रहेको हुन्छ । जातको आधारमा काम वा पेशाको वर्गिकरण गरिएको हुन्छ, तर अहिले आएर वैदेशिक रोजगारमा सबै जातको संलग्नता रहने हुँदा जातको आधारमा तारिने कामको बाँडफाँड क्रमशः कम हुँदै गउको छ । यहाँ अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न जातिगत विवरणलई प्रस्तुत गरिएको छ ।

### तालिका नं. २ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको जातिगत विवरणक

| जतजाति | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | | |
| ब्राह्मण/क्षेत्री | २ | ५ | ७ | २३.३३ |
| थारु | १ | ४ | ५ | १६.६६ |
| गुरुङ्ग | २ | ३ | ५ | १६.६६ |
| नेवार | १ | २ | ३ | १० |
| घर्ती | १ | २ | ३ | १० |
| दलित | २ | ५ | ७ | २३.३३ |
| जम्मा | ९ | २१ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. २ मा विभिन्न जातजातिको तथा महिलाहरुको पनि उल्लेखिय सहभागिता रहेको छ । समाजमा अरु सरह भएर गरगहना लगाउने अरु सरह बच्चा बच्चीलाई वोर्डिङ् स्कूलमा पढाउने चाहना भएको र घरमा उब्जाउ भएको अन्नले खान मात्र पुग्ने भएकाले वैदेशिक रोजगारमा संलग्न हुन परेको बताउनु हुन्छ । यस अधययन क्षेत्रको सहभागी आएमा गुरुङ्ग । उहाँ जस्तै अरु घर परिवारका सहभागीहरु पनि विदेश गएर पैसा कमाउने र पारिवारिक जिवनचर्या सुखी र खुसी सहज रुपमा अगाडी

बढडाउन चाहेको कुरा व्यक्त गर्नु हुन्छ । परम्परागत रुपमा रहेको मुल्य मान्यता र महिला खाली घरभित्र मात्र सीमित हुनुपर्छ भन्ने धारणालाई तोड्दै घर भित्र र बाहिरका काममा समान रुपमा अगाडी बढेका र उनीहरले पनि घरपरिवार र समाजमा निर्णायकक भूमिका खेलेका देखिन्छन् । पुरुष र महिला दुवै विदेश गएर आएपछि पशुपालन, तरकारी खेती, व्यापार, कृषि जस्ता क्षेत्रमा अग्रसर रुपमा लागेकाले अरु विदेश नगइ विना काम समय खेर फाल्नेहरुलाई पनि केही काम गर्नु पर्छ भन्ने उत्प्रेरणा मिलेको देख्न सकिन्छ । चेपाङ समुदायको धैरै बसोवास भए पनि बैदेशिक रोजगारमा सम्लग्न भने भएको पाइएन ।

## ४.४ उमेर र लिङ्गगत विवरण

कुनै पनि स्थानमा रहेको जनसंख्यालाई त्यहाँ रहेको उमेर र लिङ्गले निर्धारण गर्दछ । अध्ययन क्षेत्रबाट बैदेशिक रोजगारमा संलग्न व्यक्तिको लिङ्गगत र कुन उमेर समूहका छन् भनी प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३ वैदेशिक रोजगारमा संलग्न व्यतिको उमेर र लिङ्गगत विवरण

| उमेर समूह | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| ०-२० | ० | १ | १ | ३.३३ |
| २०-४० | ५ | ६ | ११ | ३६.६६ |
| ४०-६० | ४ | १० | १४ | ४६.६६ |
| ६०+ | ० | ४ | ४ | १३.३३ |
| जम्मा : | ९ | २१ | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ३ अनुसार आथिक रुपले सक्रिय जनसशक्ति २० देखि ५८ उमेर समुहका बढी भन्दा बढी वैदेसिक रोजगारमा संलग्न भएका छन् । वैदेसिक रोजगार विभागको रिपोट,(२०७१) का अनुसार (जुन ८० प्रतिशत युवा २०–५८ उमेर समूहका छन् । ) शक्रिय जनशक्तिहरु नै बढि विदेसिएका छन् । जुन यस अध्ययन सँग पनि मेल खान्छ ।   जसको कारण गाउँमा युवा शक्तिको

खाँचो खड्किएको पाईन्छ । गाँउमा वृद्धवृद्धाहरु , केटाकेटीहरु र महिलाहरु मात्र छन् । गाँउमा भारोपर्म गर्ने मानिसहरुको कमी छ । पढेलेखेका युवाहरु कृषिमा काम गर्नु हुदैन भन्ने परम्परागत रुढीवादी मान्यताले गर्दा खेतबारीमाको काम गदैनन् । खेतिपाती बाँजो रहने अवस्थमा छ । १५ देखि १९ उमेर समूहका केहि युवाहरु राम्रो शिक्षा पाप्त गर्न भनी सदरमुकाम भरतपुर तिर बस्दा रहेछन् भने केहि चाँहि राजधानी काठमाडौ तिर गएको पाईयो । जुन फेरी गाँउ फर्केर कृषिमा कार्य गर्दैनन् ।

शहरबजारमा वेरोजगार बस्छन् गाँउमा आएर खेतिपाती गर्दैनन् । पढाई अनुसारको काम पाउँदैनन् । जसले गर्दा युवा वेरोजगार दिनानुदिन बढ्दैछ । वेरोजगारका कारण युवाहरु कूलतमा फसिराखेका छन् । देशमा रोजगारको अवस्था सिर्जना हुन नसक्दा काम गर्न सकिय उमेर समूहको युवाहरु वैदेशिक रोजगारमा संलग्न भएका छन् जसको कारण देशमा युवावर्गको अभावमा विकास निर्माणको काम हुन सकेको छैन ।

## ४.५ पेशा

प्रत्येक परिवारले आफ्नो गुजारा चलाउन कुनै काम गरी आर्थिक उर्पाजन गरेका हुन्छन् । मानिसहरुले आफ्नो क्षनता अनुसार व्यापार गर्ने ,कृषि उत्पाद , मजदुरी गर्ने गरेको पाइन्छ । शिक्षत व्यक्ति र अशिक्षत व्यक्तिले गर्ने काम फरक–फरक नै हुने गर्दछ । जसले गर्दा वैदेसिक रोजगारमा बढि संलग्न भएको पाइयो ।

**तालिका नं. ४ वैदेशिक रोजगारमा संलग्न परिवारको मूख्य पेशागत विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ७ | ५६.६६ |
| व्यापार | ५ | १६.६६ |
| नोकरी | २ | ६.६६ |
| मजदुरी | ६ | २० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

वैदेशिक रोजगारमा संलग्न घरपरिवारमध्ये धेरै परिवारको मुख्य पेशा कृषि रहेको बताए । सबैले पेशा जे-जस्तो गरेतापनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम भएको बताए । जसको कारण आफ्नो परिवारको पालन पोषणमा, उच्च शिक्षा दिन समस्या भएको कारण आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए ।

## ४.६ शिक्षा सम्बन्धी विवरण

शिक्षा भनेको अन्धकारलाई हटाई उज्याले ल्याउने माध्यम हो । त्यसैले शिक्षा सबै मानिसले पाउनु उनीहरुको नैसरगिक अधिकार हो तर यस अध्ययन क्षेत्रमा पनि शिक्षा हरेक व्यक्तिले हाँसिल गरेको पाइदैन ।

तालिका न.५ वैदेशिक रोजगारमा संलग्ल व्यक्तित्ररुको शैक्षिक विवरण

| शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ कक्षा | ५ | २५ |
| ६-८ कक्षा | ४ | २० |
| ९-१० कक्षा | ३ | १५ |
| SLC | ३ | १५ |
| +2 | २ | १० |
| स्नातक तह | २ | १० |
| स्नातकोत्तर तह | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ५ मा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु थोरै पढेर विदेश गएका धेरै छन् भने स्नातकोत्तर पढेर पनि रोजगारीको अवसर नपाएर धैरै पैसा कमाउन शिक्षित युवाहरु अष्ट्रेलिया ,अनेरिका ,जापान गएको पाइयो जसले पर्दा "क्षमता पलायन"(Brain drain) र दक्ष युवाहरुको अभाव खqकियको पाइयो ।

## ४.७ जमिन

जमिलाई अचल सम्पत्तिको रुपमा लिइन्छ । जहाँ जमिनसँग मानिसको सम्बन्ध हुन्छ भने मानिससँग पनि जमिनको सम्बन्ध रहेको हुन्छ जहाँ अन्न उत्पादन गरी आफ्नो जीवका संचालन गर्दै आएका छन् तर अहिले आएर जमिनलाई खण्डीकरण गरी घर घडेरीको रुपमा बिक्री गर्ने गरेको पाइन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. ६ जमिनको विवरण

| जमिन | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि २ रोपनी | २ | १० |
| ३ देखि ६ रोपनी | ८ | ४० |
| ७ देखि ९ रोपनी | ४ | २० |
| १० देखि १२ रोपनी | ३ | १५ |
| १३ देखि १५ रोपनी | २ | १० |
| १५ रोपनी भन्दा माथि हुने | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

जमिन कम हुने र बढी हुने अर्थात खान पुग्ने र नपुग्ने सबै खालको परिवारका सदस्य वैदेशिक रोजगारमा संलग्न पाइन्छ । जमिन हुने परिवारको सहभागीको भनाइ अनुसार आफ्नो भएको जमिनको उत्पादनले वर्षभरि खान पुगेता पनि छोरा-छोरी पढाउन र अन्य खर्च टार्न जमिनको उत्पादनले नपुगेकाले वैदेशिक रोजगारमा वैकल्पिक पेशाको रुपमा आफ्नो परिवारको सदस्य संलग्न भएको बताए भने जमिन कम हुने परिवारले आफ्नो जीवन निर्वाहका लागि वर्षैभरि मजदुरी र ज्याला गर्नुपर्ने बाध्यता भएकाले परिवार चलाउन मुस्किल भएको कारण आम्दानी बढि गर्न आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

## ४.८ घर

सामान्यतया घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसित सम्बन्धित हुन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ वैदेशिक रोजगारमा संलग्न व्यतिहरुको घरको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पक्की | २३ | ७६.६६ |
| कच्ची | ७ | २३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तुलनात्मक रुपमा हेर्दा गाउँमा बढी मात्रा पक्की घर रहेको पाइन्छ किनकि पहिला बाटोघाटोको सुविधा थिएन जसले गर्दा सिमेन्ट ईटा ओसार पसार गर्न असजिलो थियो हाल आएर पक्की बनाउनको लागि गाउँ घरमा मोटर बाटो पुगेको छ, सामान ओसार्नको लागि साथै घरको परिवारको सदस्य रोजगारमा जाने र घरबनाउनको लागि आवश्यक पर्ने रकम विदेश बाट पठाउनाले गर्दा हाल आएर पक्की घर धैरै भएको पाइन्छ ।

## ४.९ संचार

संचारले एक ठाउँमा भएका घटना अर्को ठाउँमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा जानकारी प्रदान गर्ने काम गरेको हुन्छ । संचार माध्यमले गर्दा नै विश्वलाई एउटा घरको रुपमा विकास गरेको छ जसले गर्दा संचार अनिवार्य तत्वको रुपमा विकास हुन पुगेको छ ।

**तालिका नं. ८ संचारको साधन उपयोग गर्ने परिवारको विवरण**

| संचार साधन | संख्या | प्रतिशत |
|---|---|---|
| रेडियो+टेलिभिजन | २ | १० |
| मोबाइलक | ३ | १५ |
| मोबाइल+टेलिभिजन | ६ | ३० |
| रेडियो+टेलीभिजन+मोबाइल | ४ | १० |
| मोबाइल+रेडीयो+टेलिभिजन+नेट | ५ | ३५. |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

टेलिभिजन उपयोग गर्ने सहभागीको बनाइ अनुसार टेलिभिजनले मानिसहरुलाई मनोरञ्जन प्रधान गर्दछ । कुन ठाँउमा के-कस्ता घटना घटेका छन् त्यसको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हेर्नका साथ-साथै सुन्न पनि पाइन्छ भन्ने कुरा बताए भने मोबाइल हाल एउटा आवश्यकताको रुपमा विकास

भएको छ यसले एक ठाउँ वा एक देश र अर्को देशमा रहेका वा बसोबास गर्ने, रोजगारको सिलसिलामा अर्को देशमा रहेका मानिसँग प्रत्यक्ष रुपमा कुराकानी गर्नको लागि माध्यम भएको बताए । सस्तो,सुलभ तरिकाले प्रत्यक्ष कुराकानी गर्न नेटको पनि धैरै प्रयोग गरियको पाइयो ।

## ४.१० वैदेशिक रोजगारको प्रक्रिया


समाज मानविय सम्बन्ध अर्थतन्त्र संस्कार र त्यसबाट निर्मित संस्कृतिको अन्तर सम्बन्धबाट समाज निर्देशित हुने गर्दछ । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाको बारेमा अध्ययन गर्दा कुनै पनि व्यक्ति एकैचोटि रोजगारमा संलग्न नभई विभिन्न किसिमको संचालनबाट अगाडी बढाइएको पाइन्छ । यसमा आफ्नो समाजका व्यक्तिहरु कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् भन्ने कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियामा प्रभाव पारेको हुन्छ (के.सी., २०६६) ।

सर्वप्रथम वैदेशिक रोजगारीको लागि राहदानी एकदमै नभई नहुने कुरा हो । वैदेशिक रोजगारीको लागि राहदानी बनाई सकेपछि व्यक्ति कुनै पनि रोजगार एजेन्सीमा पुग्ने गर्दछ । यसरी रोजगारको लागि भिषा प्रक्रिया अगाडी बढाएर वैदेशिक रोजगार एजेन्सीले जुन देशमा आफ्नो कामदार पढाउने हो, त्यस कम्पनीबाट आफ्नो मागको आधारमा प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउने गर्दछ ।


यहाँका श्रमिकहरु गन्तव्य देशमा जानु अघि दुवै पक्ष (रोजगारदाता र श्रमिक) बीच सहमति पत्रमा हस्ताक्षर गर्ने गरिन्छ । त्यसपछि सम्बन्धित श्रमिक वा कामदारलाई सबै पक्षको बारेमा स्पष्ट पार्ने गरिन्छ । कानुनतः यसरी वैदेशिक रोजगारमा पढाउने संस्थाले पढाउने संस्थाले पूर्व स्वीकृति अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिषा निष्काशन गर्ने र सम्बन्धित देशमा पढाउने गर्दछ ( के.सी, २०६६) । माथि उल्लेख गरिएको प्रक्रिया के कति रुपमा पुरा गरेको नगरेको कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न भएका छन् भन्ने कुरा अध्ययन क्षेत्रका सहभागीहरुबाट गरेको छलफलको आधारमा उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्र अन्तर्गत सहभागीहरु स्थानीय चिनजानको व्यक्ति, आफन्त र स्थानीय स्तरको एजेन्टमार्फत केन्द्रिय मेनपारमा सम्पर्क राखि आफ्नो राहदानी बुझाएर फर्कने गरेको पाइयो । यसप्रकार आफ्नो पासपोर्ट सहित अन्य आवश्यक कागजपत्र मेनपावरमा बुझाई भिषा आउने आशाामा बसि भिषा आएपपिछ रोजगारमा जानको लागि काठमाण्डौ जाने गरेको पाइयो ।

**पहिलो प्रकृतिका सहभागी**




**दोस्रो प्रकृतिका सहभागीहरु**




यस प्रकार माथि उल्लेखित दुईवटा प्रकृतिका सहभागीहरुमध्ये पहिलो प्रकृतिका सहभागीहरु लामो सञ्जालबाट रोजगारमा संलग्न भएको, खर्च पनि बढि लागेको र तलब सुविधा पाएको बताए भने दोस्रो प्रकृतिका सहभागीहरु आफैले बुझेर रोजगारमा संलग्न भएको कारण कम खर्च लागेको र सहमति अनुसारको सुविधा पाएको कुरा बताए ।

## ४.१०.१ तालिम

सामान्य अर्थमा तालिम भन्नाले कुनै पनि व्यक्तिले आफूले गर्ने काम सम्बन्धी धेरै ज्ञान हासिल गर्नु भन्ने बुझिन्छ । कुनै पनि काम तालिम लिएर सुरु गर्नु राम्रो मानिन्छ । कतिपय अवस्थामा वैदेशिक रोजगारमा जानु भन्दा अगाडी आफूले गर्ने काम सम्बन्धी तालिम लिनु आवश्यक हुन्छ । विदेशमा गइसकेपछि आफूले गर्ने काम असजिलो नहोस साथै काम जानेको छैन भन्नु पर्दैन । यसै सन्दर्भमा सहभागीहरुले विदेश जाँदा तालिम लिनु भयो कि भएन भनि सोधिउको विचारलाई प्रस्तुत गरिएको छ

### तालिका नं. ९ वैदेशिक रोजगारमा जाँदा लिएका अभिमुखी तालिम सम्बन्धीत विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लिएको छु | ३ | ३० |
| लिएको छैन | ७ | ७० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

धेरै सहभागीले तालिम नलिएको बताए । तालिम लिनेहरुले तालिम लिएर जाँदा काम गर्न सजिलो हुनुको साथै कामको अनुभव झन बढ्दै गएको बताए । तालिम नलिई जानेहरुले पनि विदेशमा गएर लिएका तालिमहरु सिकेका सिपहरु नेपालमा उपयोग गर्ने आफ्नो परिवारको साथमा बसी परिवारको जीवनयापन राम्ररी संचालन गर्न सकिने कुरा पनि व्यक्त गरे । तालिम लिएर जाने २ जना सहभागीले भने तालिम लिएर गएपनि तालिम अनुरुपको काम नमिलेको कारण दु:ख पाएको कुरा व्यक्त गरे ।

## ४.१०.२ एयरपोर्ट/त्रिभुवन विमानस्थल

कुनैपनि व्यक्ति एकदेशबाट अर्को देश जानको लागि उससँग पासपोर्ट हुनु पर्दछ त्यस आधार मात्र व्यक्ति अर्को देशका जान पाउने गर्दछ । आफू कुन देश जाने हो त्यस देशको टिकट काटि एयरपोर्टमा जानु पर्दछ । वैदेशिक रोजगारमा जानको लागि एयरपोर्ट सम्बन्धित पनि जानकारी लिनु आवश्यक छ ।

**तालिका नं. १० वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई वैदेशिक रोजगारमा जाँदा कुन देशको एयरपोर्ट प्रयोग गर्नु भयो भन्ने विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नेपाल | ८ | ८० |
| भारत | २ | २० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

कानुनी रुपमा पनि स्वदेशी विमानस्थलबाट वैदेशिक रोजगारमा जाँदा आफूलाई त्यस ठाँउमा गएर काम गर्न सजिलो कामदार सुरक्षा पनि हुने भएको बताए भने जुन कामदाहरु भारतको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा संलग्न हुँदा आफ्नो सुरक्षा पनि नहुने र विदेशमा गएर केही महिना खुल्ला रुपमा हिड्डुल गर्न पनि डर लागेको कुरा बताए ।

# अध्याय: पाँच

## बैदेशिक रोजगारमा जाने परिवारको सामाजिक तथा आर्थिक प्रभाव

यस अध्यायमा वैदेशिक रोजगार, यसको आर्थिक सामाजिक प्रभावको बारेमा विश्लेषण गर्नको लागि विभिन्न शीर्षकमा तालिकाबाट विश्लेषण गरी वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाईका अनुभव साथै रोजगारबाट फर्किएर आएका व्यक्तिका अनुभव अन्तर्वार्ता विधिबाट प्रष्ट्याउने कोशिष गरिएको छ ।

### ५.१ सामाजिक परिवर्तन

वैदेशिक रोजगारमा संलग्न परिवारको कुराकानीको आधारमा उनीहरुको परिवारमा वैदेशिक रोजगारले के-कस्तो परिवर्तन भएको छ भनी छलफल गर्दा उनीहरुको भनाइ प्रस्तुत गरिएको छ । वैदेशिक रोजगारको सम्बन्धले सामाजिक सम्बन्ध (शिक्षा स्वास्थ्य, आत्मनिर्भर, सामाजिक कार्य, सम्मान) आदिमा परिवर्तन पारेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको सामाजिक परिवर्तनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ वैदेशिक रोजगारमा सहभागी परिवारमा पारेको सामाजिक परिवर्तनसम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन आएको छ | २९ | ९६.६६ |
| परिवर्तन आएको छैन | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ११ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारको भनाइमा रोजगारमा संलग्न हुनु भन्दा अगाडी उनीहरुको आर्थिक अवस्था कमजोर भएको बताए । सामाजिक अवस्थामा पारेमो परिवर्तन हेर्न खोजिएको छ । जसमा सबै भन्दा बढि परिवर्तन भयो भन्ने २९ जना रहेका छन् भने सामाजिक सम्बन्धमा परिवर्तन आएको छैन भन्ने १ जना मात्र भेटियो (जसको श्रीमतीले सबै पैसा लिएर परपुरुष सँग हिड्एको पाइयो ।)आर्थिक अवस्थामा परिर्वतन आएपछि सहभागिको परिवार लाई समाजमा हेर्ने

दृष्टिकोणमा पनि परिवर्तन आएको बताए । गाउँमा पुरुषहरु विदेसिए पछि महिलाहरु आथिक रुपमा,साथै सामाजिक रुपमा उल्लेख्य मात्रामा सक्रिय भूमिका रह्यो । महिलाहरुको परिवारमा निर्णायक भूमिका रह्यो । जसले गर्दा महिला लाई हेर्ने दृष्टिकोणमा परिवतर्न आएको छ । घरभित्र मात्र सिमित महिलाहरु घर वाहिरको काममा पनि सक्रियता जनाएका छन् । छोराछोरी बोडिङ स्कूल पढाएका छन् । यि विविध कुराहरुमा परिर्वतन अएको छ ।

## ५.२ वैदेशिक रोजगारमा संलग्न व्यतिहरुको सामाजिक अवस्था

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नै भूमिका रहेको हुन्छ, जसले समाजलाई निरन्तर अगाडी बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसलाई व्यक्तिको उमेर, लिङ्ग, जात, धर्म, शिक्षा आदिले निर्धारण गर्ने गर्दछ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको सामाजिक अवस्थाको बारेमा जानकारी दिन विभिन्न शीर्षक तथा उपशिर्षकहरुमा तालिका बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.२.१ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको शैक्षिक विवरण

शिक्षा मानव जीवनको साथै मानव समाजको आधारभूत तत्व हो । समाज निर्माणको क्रममा शैक्षिक जनशक्तिको महत्पूर्ण रहेको हुन्छ । देशमा आफ्नो योग्यता अनुसार रोजगारको सिर्जना हुन नसक्दा सक्षम जनशक्ति वैदेशिक रोजगारतर्फ आकर्षण केन्द्र बन्दै गएको छ ।

### तालिका नं. १२ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको शैक्षिक विवरण

| शैक्षिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दश कक्षा भन्दा कम | ५ | ५० |
| एस.एल.सी. वा सो सरह | ३ | ३० |
| आए वा सो भन्दा माथि | २ | २० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

कम शैक्षिक योग्यता भएका नै बढी मात्रामा खाँडी मुलुकमा रोजगारको लागि संलग्न भएको पाइयो । शैक्षिक अवस्था बढि भएका प्राय : दक्षिण कोरिया र अन्य देशमा गएको पाइयो । बैदेशिक रोजगारबाट फर्किएका सदस्यहरुको भनाई अनुसार सम्पूर्ण संलग्न सदस्यहरु सरकारी स्कुलमा पढेको र

पढाइको स्तर त्यति राम्रो नभएकाले विशेषगरी अंग्रेजी भाषाको राम्रो ज्ञान नभएकाले र केही सदस्य नपढेकाले उनीहरुलाई विदेशमा भाषागत कठिनाई परेको बताए । जसको कारणले गर्दा आफ्नो बालबच्चालाई निजी स्कुलमा पढाउँदा पढाइको स्तरमा सुधार भएपछि आफूहरुलाई जस्तै समस्या नपरोस् भनेर जसरी भए पनि निजी स्कूलमा पढाउन थालेको सहभागीहरुले बताए । यसरी वैदेशिक रोजगारमा संलग्न घरपरिवारको आम्दानी धेरै हुनेले पनि थोरै हुनेले पनि आफ्नो बालबालिकालाई निजी स्कूलमा पढाउन थालेको बताए । यसरी वैदेशिक रोजगारको सम्बन्ध शिक्षासँग रहेको देखियो ।

## ५.३ वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धी धारणा

वैदेशिक रोजगारमा संलग्न भएर फर्किएका सहभागीहरुले वैदेशिक रोजगारलाई कसरी मुल्याङ्कन गरेका छन् र के कारणले आकर्षण हुनुभयो भन्ने सन्दर्भमा यहाँ प्रस्तुत गरिएको छ ।

### तालिका नं. १३ वैदेशिक रोजगारप्रतिको आकर्षण सम्बन्धी धारणा

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिवीको कारण | ६ | ६० |
| साथीभाई गएको देखेर | १ | १० |
| धेरै कमाइ गर्नको लागि | ३ | ३० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १३ अनुसार गरीबीको कारणले गर्दा वैदेशिक रोजगार प्रतिको आकर्षण बढेको हो भन्ने सहभागी सबै भन्दा बढी र सबै भन्दा कम साथीभाई गएको देखेर भन्ने १ जना र धेरै कमाई गर्नको लागि भन्ने ३ जना सहभागी भेटीयो । सहभागी मध्ये धेरैको भनाई अनुसार परिवारको आर्थिक अवस्था सुधार गर्नको लागि, सामाजिक कार्यमा संलग्न हुनको लागि, राम्रो शिक्षा, सहज रुपमा उपचार गर्नको लागि वैदेशिक रोजगारप्रति आकर्षण भएको कुरा बताए ।

## तालिका नं. १४ वैदेशिक रोजगारमा पाएको सेवा सुविधा सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पाएको छु | ६ | ६० |
| पाएको छैन | ४ | ४० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

विदेश जानु भन्दा अगाडी राम्रोसँग बुझेर सहमति पत्रमा सही गरेर गएको हुनाले धेरैले आफूले सेवा सुविधा पाएको नै बताए । सेवा सुविधा नपाएका सहभागीहरुका अनुसार, म्यानपावरले एउटा काम भनेर हामीलाई पठाई त्यहाँ गएर अर्को कम गर्नु परेको र धेरै घण्टा काममा खट्नु परेको कुरा बताए ।

हाल वैदेशिक रोजगारबाट फर्किएर स्थानीय स्तरमा व्यवसायिक रुपमा बाख्रा पालन व्यवसाय शुरु गरेका सहभागीको घटनालाई वैयक्तिक अध्ययनको रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रभित्र पर्ने मध्यम वर्गीय परिवारमा जन्मिएका दिनेश दवाडी रोजगारी समस्याबाट पार पाउने उद्देश्यले वि.सं. २०६३ सालमा राहदानी बनाएर नेपालमा केही रोजगारी पाउन नसके पछि वि.सं. २०६६ सालमा विदेश (दुवई) गएका थिए । तर उनलाई भनेजस्तो काम र तलब सुविधा नभएको कारण जेनतेन २ वर्ष दुवईमा बसेर आएका उनले विदेशमा गएर धेरै पैसा कमाउने सपना मात्र रहेछ, केहीलाई मात्र राम्रो हुने कुरा उनको अनुभवबाट थाहाँ हुन आयो । तर पनि आफ्नो देशमा रहेको बेरोजगारी समस्याले गर्दा विदेश जानु नेपालीको वाधयता भएको कुरा बताए । अहिले आएर उनले व्यावसायिक रुपमा बाख्रा पालन गरी वार्षिक रु २,००,००० लाख कमाई रहेको बताउँछन् ।

## ५.४ वैदेशिक रोजगारले समाजमा पारेको परिवर्तन सम्बन्धी विश्लेषण

वैदेसिक रोजगारका कारण  धेरै जसो परिवारमा सामाजिक परिवतर्न आएको पाइन्छ । जुन निम्न शीषर्कमा विश्लेषण गरिएको छ :

**शिक्षा**

शिक्षा मानव जीवनको आधारभुत तत्व हो,मानवको जीवनको ज्योति हो । जुन विना मानव जीवन अँध्यारो हुन्छ । शिक्षा सबै मानिसले पाउँनु नैर्सगिक अधिकार हो । समाज निर्माणको क्रममा शैक्षिक

जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययन क्षेत्रको शैक्षिक अवस्था पहिले सरकारी विद्यालयमा पढाउन पनि धौ–धौ पर्थ्यो । कापी कलम किन्न पनि पैसा हुदैनथ्यो । हाल वैदेसिक रोजगारमा संलग्न भएपछि प्राईभेट बोडिङ स्कूल,क्याम्पसमा,टेक्निकल विषयमा आफ्ना छोराछोरी पढाउछन् । वैदेसिक रोजगारले शिक्षामा प्रत्येक्ष प्रभाव परेको पाईन्छ ।

**संचार**

संचारले एक ठाउँमा भएको घटना प्रत्यक्ष अप्रत्यक्ष रुपमा जानकारी प्रधान गर्ने काम गरेको हुन्छ । संचारले विश्वलाई एउटा घरको रुपमा विकास गरेको छ । यस अध्ययन क्षेत्रमा पनि वैदेसिक करोजगारले गर्दा संचारका साधनहरुको खरिदमा वृद्धि भएका छन् । पहिले घण्टौं लगाएर गएपछि मात्र विदेसिएका सँग फोनमा कुरा गर्न सकिन्थ्यो । घर–घरमा टेलिभिजन ,मोबाईल,नेट थिएन । अहिले प्रत्येक घरमा टेलिभिजन,प्रत्यक व्यक्तिको हातहातमा मोबाईल,घरघरमा नेट जडान गरेका छन्,जसलेगर्दा विदेसिएकासँग प्रत्येक्ष कुराकानी गर्न सजिलो भएको छ ।

**पेशा**

मानिसले आफ्नो गुजारा चलाउन कुनैन कुनै कम गरी आथिक उर्पाजन गरेका हुनछन् । यस अध्ययन क्षेत्रमा पनि वैदेसिक रोजारमा संलग्न भएपछि पेशामा परिवतर्न आएको पाईन्छ । पहिले परम्परागत कृषि पेशा गर्दथिए जसले वर्षभरी खान पुग्दैन थियो । अहिले व्यवसायिक कृषि पेशा जस्तै केरा खेति,मेवा खेति गर्दछन् । त्यस्तै कुखरा‌ुफर्म,गाईफर्म संचालन गरेका छन् । पहिले सरसामन किन्न टाढा जानुपथ्र्यो । अहिले नजिकै नजिकै किराना पसल,कस्मेटिक पसल छन्,जसले गर्दा टढा जानुपदैन । पहिले तास खेलेर बस्निहरु अहिले घरबनाउने, रङ लगाउने काममा व्यस्त हुन्छन् ।

**घर**

घर भन्नाले समान्यतया बासस्थान भन्ने बुझिन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस अध्ययन क्षेत्रमा वैदेसिक रोजगारमा संलग्न भएपछि घरको बनावटमा परिवतर्न आएको पाईन्छ । पहिले पहिले यस क्षेत्रका अधिकांश घरहरु कच्ची ,खडाईको बार,काठको बार ,टिनको छाना हुन्थ्यो । अहिले पक्की घरहरु ईटाको गारो ,पिल्लरवाला ढलान गरेका छन् ।

### लवाई खवाई

लवाईखवाईले मानिसको व्यतित्व झलकन्छ । यस अध्ययन क्षेत्रमा पनि वैदेसिक रोजगारमा संलग्न भएपछि लवाईखवाईमा परिवतर्न आएको पाईन्छ । पहिले पहिले गुन्योचोलो,दउरासुरुवाल, आदि लगाँउथे । अहिले कुर्थासलवाल,भेस्टपाईन्ट लगाउँछन् । पहिले खालि खुट्टा हिड्थिए,अहिले चप्पल,जुत्ता लगाउँछन् । पहिले पहिले खाना कसौंडी,कराईमा पकाउँथिए । अहिले राईसकुकर,प्रसरकुकरमा खाना पकाउँछन् । पहिले पहिले खाजाको रुपमा मकै,भटमास, कोदोको रोटी खान्थिए । अहिले बजारमा उत्पादित चाउचाउ,बिस्कुट,मःम,चाउमिन आदि खाजाको रुपमा प्रयोग गर्छन् । पहिले पहिले मोहि,दही खान्थिए । अहिले कोकाकोला ,फेन्टा आदि खान्छन् । वैदेसिक रोजगारले लवाईखवाईमा प्रत्येक्ष प्रभाव पारेको पाईन्छ ।

पहिले पहिले टाढाटाढा पनि पैदल हिड्एर जान्थिए । अहिले नजिकैको दुरीमा पनि साईकल,मोटरसाईकल नभई जाँदैनन् । यि विविध पक्षमा सामाजिक परिवतर्न आएको छ ।

## ५.५ वैदेशिक रोजगारको सम्बन्धमा समाजले मूल्याङ्कन गरेको धारणा

वैदेशिक रोजगारको सम्बन्धमा अध्ययन गर्दा अध्ययन क्षेत्रका सहभागीहरको धारणा बुझ्दा आर्थिक पक्षलाई हेर्दा राम्रो भएको बताए । वैदेशिक रोजगारले समाजलाई कुन दिशातर्फ लगिरहेको छ अथवा समाजको आँखामा यो पेशा वा व्यवसायलाई कसरी मूल्याङ्कन गरेका छन् भनी सामूहिक भेला गराई यस विषयमा छलफल गरी विचार बुझ्ने कोशिष गरिएको थियो जसमा धेरै सहभागीहरुले यस वैदशिक रोजगारलाई मर्यादित, सुरक्षित बनाउनुपर्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । जस्तोसुकै काममा पनि सीप योग्यता, क्षमताको आधारमा निश्चित देशमा कामदारलाई अनुमति दिनुपर्छ र सरकार पनि यस प्रति उत्तरदायि भई प्रक्रियागत रुपमा जानुपर्ने धारणा व्यक्त गरेका छन् ।

यसप्रकार वैदेशिक रोजगारको आम्दानीले आर्थिक स्थितिमा केही मात्रामा भए पनि सुधार ल्याएकाले सकारात्मक धारणा राखेको पाइयो । आर्थिक पक्ष र सामाजिक क्षेत्रको सम्बन्ध नङ र मासुको जस्तै हुने भएकाले आर्थिक पक्षमा सुधार आएपछि सामाजिक सम्बन्धमा सकारात्मक परिवर्तन ल्याएको छ भन्ने सहभागीहरुको धारणा रहेको पाइयो ।

## ५.६ वैदेशिक रोजगारको सकारात्मक र नकारात्मक पक्ष

**सकारात्मक** :देशमा प्रमुख रुपमा देखा परेको वेरोजगारी समस्यालाई केही हदसम्म भएपनि सुल्झाउने एउटा माधयम बनेको छ वैदेशिक रोजगार । जसले गर्दा समाजमा तास खेल्ने, जाँड रक्सी खाने बदमासी गर्ने व्यक्तिहरु पनि वैदेशिक रोजगारमा गएपछि समयको महत्व, कामको महत्व बुझी आफ्नो काम जीम्मेवारी प्रति सजक भएका छन् । उनीहरुको आर्थिक पक्षको मात्र सुधार नभई सामाजिक तथा व्यक्तिगत जीवनमा समेत परिवर्तन देखिएको छ । जसलाई वैदेशिक रोजगारको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । अहिले कति युवाहरुले विदेशबाट फर्किएर विभिन्न व्यवसाय सुरु गरेका छन् । कृषि, पशुपालन जडिबुटी जस्ता महत्वपूर्ण क्षेत्रमा व्यवसाय सुरु गरेका छन् । जसले गर्दा देशको अर्थतन्त्रमा परिवर्तन आएको छ ।

**नकारात्मक पक्ष** :वैदेशिक रोजगारमा संलग्न कतिपय व्यक्तिहरु एड्स सङ्क्रमण भएर आएका छन् । कतिपय काम अनुसारको तलब सुविधा पाएका छैनन् । कतिपय ठाउँमा श्रीमान विदेश गएर पैसा पठाएका छन् श्रीमती घरमा छु भन्दै परपुरुषसँग सम्बन्ध राखी पैसा खर्च गर्ने र आउँदा घरमा श्रीमती नभई घरवार विहिन सम्पत्ति विहिन भएका छन् । दलालले फसाइ राम्रो काम भनी लाने त्यहाँ गएपछि जोखिमपूर्ण काम गर्नु पर्ने वाध्यताका साथै श्रमशोषण भई फर्किएकाछन् । बैदेसिक पैसाले घर,जमिन खरिद,ऋण चुकता,गरगहना खरिद तथा बैंक मौंज्दात जस्ता अउत्पादनशील क्षेत्रमा खर्चिने भएकाले व्यक्तिगत रुपमा विकास भए पनि राष्ट्रिय रुपमा विकास हुन सकेको छैन । जसले गर्दा देशको परर्भिरता दिनप्रतिदिन बढ्दै गइरहेको छ ।

## ५.७ आर्थिक परिवर्तन

वैदेशिक रोजगारमा संलग्न सहभागीहरुको आवश्यकताको प्राथमिक आधारमा घर बनाउने जग्गा किन्ने, पारिवारीक ऋण तिर्ने आदि कार्यबाट केही हदसम्म भएपनि आर्थिक अवस्थामा सुधार आएको छ भने केही सहभागीहरुले ऋण तिर्नुका साथै अन्य व्यवहार जस्तैः शिषा व्यापार व्यवसाय, मनोरञ्जन, बैंक आदि क्षेत्रमा लगानी गरेको बताए । वैदेशिक रोजगारको सम्बन्धले सहभागीहरुको आर्थिक स्थितिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न परिवारको आर्थिक परिवर्तन सम्बन्धी विवरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १५ वैदेशिक रोजगारले ल्याएको आर्थिक परिवर्तन सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सुधार आएको छ | १७ | ८५ |
| उस्तै छ | २ | १० |
| झन खराब भएको छ | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतःस्थलगतर्सवेक्षण२०७२।

वैदेसिक रोजगारमा गएपछि विदेशमा पनि काम राम्रो नभएको, विदेशमा जाँदा लागेको ऋण पनि तिर्न सकिएको छैन, पपिरवारलाई खान पुग्दैन, स्वास्थ्य उपचार गर्न ऋण खोज्नु परेको छ भन्ने भनाई १ उत्तरदाताले बताए। जसको कारण घरायसी स्थिति झन खराब भएको कुरा बताए।

समग्रमा हेर्दा बहुसंख्यक बेरोजगार र अर्धवेरोजगार जनशक्ति जसको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरुले अल्पकालिन रुपमा भएपनि रोजगार भै केहि आम्दानी गर्ने अवसर वैदेशिक रोजगारमार्फत प्राप्त गरेको देखियो। जसमा तुलना गर्दा सबैभन्दा बढि  ले आर्थिक परिवर्तनमा सुधार आएको र सबैभन्दा कम आर्थिक अवस्था झन खराब भएको बताए। धेरैले त्यस आम्दानीबाट आफ्नो आर्थिक अवस्थामा केही मात्रामा भने पनि सुधार आएको बताए। वैदेशिक रोजगारको कमाइले मोबाइल, ल्यापटप टि.भी, आदि ल्याउने गर्नुका साथै केहीले जग्गा किनेको घर बनाएको र ऋण तिर्ने गरेको साथै पशुपालनमा समेत लगानी गरेको बताए। आर्थिक अवस्थामा सबल भएपछि मात्र सामाजिक सम्बन्धमा सुधार आएको छ भनी बताए।

### ५.८ आर्थिक विवरण

रोजगार र अर्थतन्त्रको अति नजिकको सम्बन्ध रहेको हुन्छ। जब अर्थतन्त्रमा सुधार आउँछ तब आर्थिक अवस्थामा पनि सुधार आउँछ।

### ५.८.१ पूर्व पेशा

पेशा भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापन गर्नका लागि अपनाइने काम हो जुन व्यक्ति स्वयं र उसको पारिवारीक जीवनसँग सम्बन्धित भएको हुन्छ । पेशाको सम्बन्ध प्रत्यक्ष रुपमा अर्थ तन्त्रसँग हुने गर्दछ । त्यसैले बैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशालाई प्रस्तुत गरिएको छ ।

## तालिका नं. १६ वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरण

| पूर्व पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ५ | ५० |
| व्यापार | १ | १० |
| बेरोजगार | २ | २० |
| नोकरी | १ | १० |
| पशुपालन | १ | १० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

सहभागी मध्ये धेरैको पेशा कृषि र बेरोजगार रहेको पाइयो । सहभागीले कृषि बाट प्राप्त आम्दानीले आफ्नो परिवारको पालनपोषण गर्नको लागि धेरै कठिनाई भएकोले आफू वैदेशिक रोजगारमा जानु परेको बताए । बेरोजगार साथै व्यापार र पशुपालन गरेकाले पनि परिवारमा राम्रो शिक्षा तथा सहज तरिकाले घर चलाउनको लागि बैदेसिक रोजगारमा लग्न भएको बताए ।

## ५.८.२ हालको पेशा

बैदेशिक रोजगारबाट फर्किआएपछि सहभागिहरुले के-कस्तो पेशा अंगालेका छन् भनि यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १७ अनुसार वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरण

| हालको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४ | ४० |
| व्यापार | २ | २० |
| पशुपालन | ३ | ३० |
| मजदुरी | १ | १० |
| बेरोजगार | ० | |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

वैदेशिक रोजगारबाट फर्किएर आएका धेरै जनाले कृषि र पशुपालनलाई नै आफ्नो मूख्य पेशाको रुपमा लिएको बताए किनकी उन्नत जातको विउ बिजन प्रयोग गरी वैज्ञानिक प्रणाली अनुसार कृषि पेशा गरेमा राम्रो आम्दानी हुने धारणा व्यक्त गरे । कम लगानीमा गर्न पशुपालन गर्न सकिने र उत्पादन पनि राम्रो हुने पशुपालन गर्नेहरुले बताए । केहीले विदेशबाट ल्याएको पैसाले आफ्नै व्यापार गर्न थालेको बताए । यसरी सहभागीहरुको भनाई अनुसार सानो ठूलो जस्तो भए पनि काम गर्नु पर्छ बेरोजगार बस्नु हुँदैन भन्ने धारणाको विकाश भएको कारण बेरोजगार बस्ने संख्या भेटिएन । यसरी सहभागीहरुको भनाइ अनुसार आफ्नो देशमा रोजगारको अवस्था सृजना हुनसके वैदेशिक रोजगारमा नजाने बताए भने केहीले राम्रो ठाँउ आफूले भनेको जस्तो काम, तलब सुविधा पाए फेरी जाने कुरा पनि बताए ।

## ५.८.३ आर्जित रकमको उपयोग

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमलाई कस्तो काममा खर्च भएको छ त भनि वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरुको भनाईलाई यहाँ प्रस्तुत गरिएको छ ।

## तालिका नं. १८ वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोगसम्बन्धी विवरण

| रकमको उपयोग | संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा किने | ४ | ४० |
| घर बनाए | ३ | ३० |
| ऋण तिरे | २ | २० |
| अन्य | १ | १० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

वैदेशिक रोजगारबाट आर्जित रकमले सहभागीमध्ये धेरैले जग्गा किनेको बताए । केहीले अन्य ( बैंकमा राख्ने) काममा रकम खर्च गरेको देखियो जसले गर्दा केही हदसम्म उनीहरुका आर्थिक अवस्थामा सुधार आई सकारात्मक प्रभाव पारेको देखिन्छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्तिको आर्थिक अवस्थामा सकारात्मक प्रभाव पारेको बताए भने केहीले खासै प्रभाव नपारेको बताए जुन कुरालाई पुष्टि गर्नको लागि सहभागी मध्ये एक जनाको घटनालाई वैयक्तिक अध्ययनको रुपमा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएका ३५ वर्षिया ब्राह्मण परिवारका खेमराज पौडेलले आफू र आफ्नो परिवारको जिविका चलाउनको लागि गाउँघरको साथीको सहयोगमा वैदेशिक रोजगारमा जाने निर्णय गरेको बताए । सुरुमा घरमा कमाई नभएर आर्थिक अवस्था कमजोर भएको बताए, जसले गर्दा सानोतिनो समस्यामा पनि छर छिमेकी सँगै ऋण लिने पर्ने स्थिति थियो ।

## वैदेसिक रोजगारले ल्याएको अथिक परिवतर्न

वैदेसिक रोजगारमा जानु भन्दा पहिले परम्परागत कृषि प्रणली बाट खेति गर्ने गर्थ्ये , जसले गर्दा बषभरी खान पनि मुस्किल पर्दथ्यो ,गुजारा मात्र चल्दथ्यो । अहिले व्यवसायिक कृषि प्रणली गदछन् ,जसले गर्दा आम्दानि वृदि हुन्छ । व्यवसायीक खेतिमा केरा , मेवा आदि गर्ने गरेकाा छन् । त्यस्तै पशुपालन पनि व्यवसायिक रुपमा गर्ने गरेका छन् ,जसले गर्दा आथिक उन्नति भएको छ । विभिन्न गाई फर्महरु खोलेर ,कुखुरा फर्म खोलेर व्यवसाए गरेका छन् । जसले गर्दा आथिक अवस्थामा पवितन आएको छ । कसैसँग ऋण लिनु परेको छैन । घर घरमा किराना पसल ,कस्मेटिक पसल गरेक छन् । जसले गर्दा आथिक प्रगति नै भएको छ । पहिले युवाहरु बेरोजगार भएर तास खेलेर बस्दथे ।अहिले घर बनाउने रङ लगाउने काममा व्यस्थ रहन्छन् ।

## ५.९ वैदेशिक रोजगारमा जानुपर्ने कारण

नेपालमा भएको बेरोजगारी समस्याले आफ्नो जीवनशैली सवल र सहज पार्नका लागि विविध अवरसको खोजि (धेरै अवसर राम्रो जीवनयापन, अध्ययन, स्वतन्त्रता, धेरै कमाइ) आदि कारण रोजगारको लागि विदेश जाने क्रम बढिरहेको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारम संलग्न घरपरिवारको धारणा अनुसार के कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु परेको धारणालाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं.१९ वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिबीको कारण | ६ | ६० |
| आर्थिक स्थितिमा सुधार गर्न | १ | १० |
| आम्दानीमा वृद्धि गर्न | २ | २० |
| गाँउ घरका सबै गउको देखेर | १ | १० |
| जम्मा | १० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

गरिबीको कारणले भन्ने सहभागीहरुको भनाई अनुसार अशिक्षा, पारिवारिक बढ्दो जनसंख्या, उब्जाऊ भूमि कम हुने, आधुनिक खेती प्रणालीको बारे थाहा नहुनु, खेती भएता पनि त्यसबाट उब्जने अन्नले आफ्नो परिवारलाई खान नपुग्नु भन्ने भनाइ बताए भने आफ्नो क्षेत्रमा रोजगारको अवसर पाएका युवाहरु पनि त्यस रोजगारबाट आम्दानी कम भएकाले अर्थात आर्थिक स्थितिमा सुधार नभएकाले बढी आम्दानी गर्नको लागि र साथीभाई गएको देखेर पनि वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

यसले गर्दा दक्ष जनशक्ति विदेश गएर नेपालमा जस्तो समस्या भए पनि युवा जनशक्तिलाई हाल आएर वैदेशिक रोजगार नै एउटा समस्याको समाधान गर्ने विकल्पको रुपमा देखा परेको छ ।

# अध्यायः छ

## अध्ययनको सारांश र निश्कर्ष

### ६.१ अध्ययनको सारांश

वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन सम्बन्धी विश्लेषण गर्नका लागि चितवन जिल्लाको पदमपुर गा.वि.स. वडा नं. १ को अध्ययन गरिएको हो । यस अध्ययनको लागि विभिन्न समस्यालाई उठान गरिएको थियो । वैदेशिक रोजगारमा संलग्न परिवारको रोजगारीमा जानु अघि र गई सकेपछिको आर्थिक अवस्था कस्तो रहेको छ । वैदेशिक रोजगारीले समाजमा कस्तो प्रभाव पारेको छ । वैदेशिक रोजगारमा जाने कामदारहरुको उमेर शैक्षिक अवस्था के कस्तो रहेको छ, रोजगारमा जाने प्रक्रिया कस्तो छ भन्ने बारेमा विश्लेषण गरिएको थियो ।

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा घरपरिवारसँग अध्ययनको निम्न उद्देश्य राखी छलफल गरिएको थियो ।

वैदेशिक रोजगारीले सो परिवारमा पारेको सामाजिक, आर्थिक प्रभावको विश्लेषण गर्नु ।

वैदेशिक रोजगारमा जानुपर्ने कारणहरु पत्ता लगाउनु ।

अध्ययनको उद्देश्यको आधारमा तयार पारिएका प्रश्नमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विभिन्न अनुसन्धान विधि घरधुरी सर्वेक्षण प्रश्नावली, अवलोकन, समूह छलफल तथा वैयक्तिक अध्ययन गरी तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुमा सबै जातको संलग्न भएको पाईयो । अध्ययन क्षेत्रमा ब्राह्मण समुदाय बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । लैङ्गिक रुपमा हेर्दा महिलाको पनि उल्लेखिय सहभागिता भेटियो । उमेरको हिसावले पनि सक्रिय अर्थात् उत्पादन श्रमशक्ति नै बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

शिक्षासँग पनि वैदेशिक रोजगारको सम्बन्धि रहेको पाइयो किनकी वैदेशिक रोजगारमा शिक्षित युवा पनि र अशिक्षित युवा पनि रोजगारमा संलग्न पाइयो भने बढी मात्रामा शिक्षित युवाहरु यूरोपियन मुलुक तर्फ जाने गरेको पाइयो । भने अशिक्षित वा कम शैक्षिक योग्यता भएक युवाहरु खाडी मुलुकतर्फ गएको पाईयो ।

वैदेशिक रोजगारमा संलग्नहरुको जमिनको अवस्थालाई हेर्दा ३ देखि ६ रोपनी हुने बढी देखियो । जमिन कम हुने परिवार र जमिन बढि हुने सबै परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । सबै भन्दा बढी कृषि पेश ागर्ने परिवारबाट वैदेशिक रोजगारमा संलग्न भउको पाइयो ।, वैदेशिक रोजगारमा जाने प्रक्रिया हेर्दा दुई तरिकाबाट गएको देखियो ।

- स्थानीय एजेन्ट - स्थानीय मेनपावर - केन्द्रीय एजेन्ट - केन्द्रीय मेनपावर - सम्बन्धित देश
- केन्द्रीय मेनपावर - सम्बन्धित देश,

सहभागीहरु वैदेशिक रोजगारमा संलग्न भउको पाईयो । यसरी सिधै केन्द्रीय मेनपावरमा सम्पर्क राखी रोजगारमा संलग्न भएका सहभागीहरुको खर्च पनि कम र जानको लागि समय पनि कम लागेको बताए ।

वैदशिक रोजगारमा जाँदा सामान्य कामको लागि जाने किन तालिम लिएर पैसा धेरै खर्च गर्ने, तालिम लिएर पनि रोजगारमा जाँदाको लागि मात्र हो पछि काम लाग्दैन भन्ने कुरा बताए भने तालिम लिएर जाने व्यक्तिहरुले रोजगारमा जानुअघि लिएको तालिमले त्यहाँ गएर आफ्नो कामप्रति पूर्ण रुपमा सक्षम र स्वदेशमा आएर पनि आफूले सिकेको सिप सम्बनधी नै काम सुरु गरेको बताए ।

## ६.२ अध्ययनको निष्कर्ष

एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रुपमा गई रोजगारी गर्नुलाई वैदेशिक रोजगार सेवा भनिन्छ । मुलुकमा रोजगारीको अवसर कम भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रुपमा लिइएको छ । जसले वैदेहिशक रोजगारमा संलग्न परिवारको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा प्रभाव पारेको देखिन्छ । अध्ययनको उद्देश्यक अनुरुप सहभागीहरुले दिएको सूचना वा तथ्याङ्कको आधत्रारमा यस शोधपत्रको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारमा संलग्न सबै आर्थिक क्रियाकलापमा सक्रिय रहने युवा जनशक्ति बढी देखियो जसको मूख्य कारण गरिवीले गर्दा नै बाध्य भएर वेदेशिक रोजगारमा जानु परेको कुरा बताए । वैदेशिक रोजगारमा संलग्नता पुरुष संख्या नै बढी देखियो । यसो हुनुको मुख्य कारण पितृसत्तात्मक समाजको वाहुल्यता रहेको कारणले गर्दा हो । वैदेशिक रोजगारमा पुरुषको संलग्नता बढी भएपछि महिलाहरु माथि दोहोरो भूमिका साथै जिम्मेवकारी थपिदै गएको देखियो हिजोका दिनहरुमा घरभित्रको काम र बच्चा हुर्काउने काममा मात्र सीमित थियो भने हाल आएर सामाजिक कार्यका साथै परिवारको निर्णय प्रक्रिया जस्ता कुरामा अगाडी आएको देखियो । जसको कारण समाजमा हुने गरेको लैङ्गिक विभेद क्रमश : ह्टदै कम हुँदै गएको छ ।

जातिगत आधारमा हेर्दा सबै जातका व्यक्तिहरु रोजगारमा संलग्न भएको पाइयो । सबै पेशा व्यवसाय गर्न व्यक्तिहरु पनि रोजगारमा संलग्न भएको पाइयो जसले गर्दा परम्परागत तथा जातिगत पेशामा हुने भेदभाव हट्दै परिवर्तन हुँदै आएको देखियो । उत्पादनशील युवाजनशक्ति वैदेशिक रोजगारमा गएपछि कतिपय ठाँउमा खेतीयोग्य जग्गा जमिन बाँझो रहेको अवस्थामा देखियो । वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागीहरुको परिवारको आर्थिक अवस्थामा सुधार आएको देखियो जसको परिणाम स्वरुप आर्थिक रुपमा सबल भएपछि सामाजिक सम्बन्धमा पनि सुधार आएको छ ।

वर्तमान अवस्थामा वैदेशिक रोजगारले सहभागीहरुको आर्थिक अवस्थामा सुधार ल्याए तापनि यो पेशा दीर्घकालिन रुपमा रहिरहन सक्ने अवस्था देखिँदैन । सहभागीमध्ये धेरैजसो सस्तो मूल्यमा अर्धदक्ष श्रमिकको रुपमा विदेशमा काम गरेको पाइयो । जसले गर्दा स्वदेशमा रोजगारको अभावले वैदेशिक रोजगारमा जाने गरेको पाइयो भने आफ्नो देशमा भएको साना तथा घरेलु उद्योग, कृषि क्षेत्रको राम्रो सदुपयोग नभएर संकटमा पर्दै गएको देखिन्छ । जसको कारण धरैजसो परिवारहरु वजारमुखी भएक छन् । गाँउघरमा पाइने दाउराको प्रयोग गर्न छाडेर प्रत्येक घरमा ग्यास चुलो बाल्न थालेका छन्, खाना पकाउन कासौंडी छाडेर राइस कुकर प्रयोग गरेका छन्, खाजाको रुपमा गाउँघरमा उत्पादीत मकै, भट्मास नखाइ बजारमा उत्पदित चाउचाउ, विस्कुट खाने गरेका छन् । वैदेशिक रोजगारमा रहँदा अथवा स्वदेश फर्किदा आफू र आफ्नो परिवारको लागि विभिन्न सामानहरु (घडी, मोवाइल, टेलीभिजन, ल्यापटप) जस्ता महँगा सामान खरिद गर्ने भएकोले विदेशमा कमाएको पूँजी केही विदेशमा नै छोडेर आएका छन् ।

यसरी अध्ययन क्षेत्रमा विश्व बजारमा पाइने वस्तुहरुको प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडी बढेके देखिन्छ भने अर्कोतिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको पूँजी विदेशमा नै फर्किएको देखिन्छ । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गर्न सक्ने देखिन्छ ।

जसरी बालेस्टायनले विश्व व्यवस्था अन्तर्गत विकसित (केन्द्र) देशहरुले अविकसित (पृष्ठ क्षेत्रका) देशहरुबाट अदक्ष श्रमिकहरु निर्यात् मात्र गर्दैनन् सस्तो मुल्यमा काममा लगाएर बढी भन्दा बढी नाफा कमाएका हुन्छन् र विदेशमा कमाएको पूँजी पनि विभिन्न विलासिताका सामानहरु लगायत अन्य वस्तुहरुको खरिदमा पूँजी विकसित देशतर्फ लैजान्छन् भनेका छन् । वालेस्टाइनले विश्व अर्थतन्त्रमा तीनवटा क्षेत्रको धारणालाई अगाडी सारेका छन् । विश्व संरचनामा केन्द्र क्षेत्रले अर्थपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्रलाई शोषण गरेको हुन्छ भने अर्धपृष्ठ क्षेत्रले पनि पृष्ठक्षेत्रलाई शोषण गरिरहेका हुनछन् । त्यसरी नै नेपाल जस्तो पृष्ठ क्षेत्रबाट अर्धपृष्ठ तथा केन्द्र क्षेत्र तिर रोजगारमा गएका श्रमिकहरुलाई श्रम शोषण गरेका हुन्छन् । उनीहरुलाई कम ज्यालामा काममा लगाएर बढी भन्दा बढी नाफा कमाएका हुनछन् भने कमाएको केही नगद पृष्ठ क्षेत्रका श्रमिकहरुले आधुनिक बन्नको लागि पनि विदेशी सामान खरीद गरेर फर्किने प्रक्रियाले गर्दा केन्द्र क्षेत्र र अर्धपृष्ठ क्षेत्र झनझन धनी हुने र पृष्ठ क्षेत्रमा परनिर्भरता बढ्दै जाने स्थिती रहेको छ ।

यसरी अध्ययन क्षेत्रबाट रोजगारको शिलशिलामा केन्द्र तथा अर्ध पृष्ठ क्षेत्रतिर जाने क्रम बढेको छ, जसको कारण स्थानिय क्षेत्रमा युवा जनशक्तिको अभावले विकास निर्माण, स्थानीय घरेलु तथा साना उद्योग जस्ता क्षेत्र बन्द हुने अवस्थामा छन् । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संम्भावना प्रशस्त भएता पनि नाफा मुलक उत्पादन हुन सकेको छैन ।

**सन्दर्भसूची**


कानुन किताव व्यवस्था समिति, (२०६४) । *वैदशिक रोजगार ऐन* ,काठमाण्डौ : कानुन किताव व्यवस्था समिति ।

केन्द्रीय तथ्याङ्क विधाग, (२०६८) । *राष्ट्रिय जनगढाना आयोग,* काठमाण्डा : केन्द्रीय तथ्याङ्क विभाग ।

के.सी., नवराज (२०६६) । *नयाँ नेपाल निमार्णमा वैदेशिक रोजगारले खेल्न सक्ने भूमिका* ,काठमाण्डौः माटिन चौतारी ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०६८) । *नेपालमा गरिबी* , काठमाडौं :केन्द्रिय तथ्याङ्क विभाग ।

नेपाल प्रज्ञा प्रतिण्ठान, (२०६१) । *नेपाली वृहत शब्दकोश* , काठमाण्डौ : नेपाल प्रज्ञा प्रतिण्ठान ।

पोखरेल, नारायगदत्त,(२०५७) ।*वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव एक समाजशास्त्रीय अध्ययन शोधप्रत्र* कीर्तिपुर : समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग ।

पण्डित, सुर्यकुमार (२०५७) । *नेपालमा वैदेशिक रोजगाऱ,* ताहचल काठमाण्डौ : वैदेशिक रोजगार पत्रकार संघ ।

*मिश्र, चैतन्य (२०७०) । पुजिवाद र नेपाल, काठमाण्डौ : मुल्याङ्क पब्लिकेसन ।*

रेग्मी, हेमराज (२०५६) । *लेवर स्टाटिस्ट्रीक* , काठमाण्डौ : नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय योजना आयोग, (२०६५) । *अन्तरिम त्रि-बर्षीय योजनाको प्रतिवेदन,* सिंहदरवार काठमाडौं :राष्ट्रिय योजना आयोग ।

वैदेशिक रोजगार ऐन, (२०६४) । *कानुनी किताब व्यवस्था समिति* , बबरमहल :वैदेसिक रोजगार ऐन ।

वैदेशिक रोजगार विभागको रिपोर्ट, (२०७१) । *वैदेसिक रोजगार विभाग* ,काठमाण्डौ *:* श्रम तथा रोजगार मन्त्रालय वैदेसिक रोजगार विभाग ।

वैदेशिक रो*जगार* विभागको रिपोर्ट, २०६८ । *वैदेसिक रोजगार विभाग* ,काठमाण्डौ :श्रम तथा रोजगार मन्त्रालय वैदेसिक रोजगार विभाग ।

वैदेशिक रोजगार प्रवद्धन वोड, (२०६८) । *बैदेसिक रोजगारका लागि खुला गरिएका देशहरु,* काठमाण्डौ नेपाल : ***बैदेसिक रोजगार प्रबद्धन बोड ।***

Aryal, Sudip. (2006). *A vary serious issue of Nepal*, (assessed on march 2014) . www.insightonconflict.org/

Gurung, Ganesh (2004). *Overview paper overseas employments, Nepal Kathmandu; Nepal* Series and International labour office .

Kainth, Gursharan singh (2009). *Push and pull factors of migration ;Acase study of brick kiln industry o punjab state*, Asia-pacifice journal of social sciences. shtt://www.socialscience-ejournal. com.org .

Lewellen, Ted (2002). the anthropology of glo Monar, A (1981). *Economic strategies and economic constraiants-In Asian highland societies New delhi;an anthropological perspective*.

Pande, Dinesh (2011). *Migration of Nepalese youth for foreign employments International labor Nepal; Problems and prospects* .

Redfield, Robert (1941). *The flock cultere of the yucation chicago*, university of Chicago press.

Ritzer G. (1992), *Socilogical theory New York mac-Grew Hill s*international.www.baidesikrojgar.com.np

Sharma Jun and Gurung Ganesh, (2009). *Impact of global economic slowdown on remittance inflows and poverty reduction on nepal*, Mandikather Kathmandu Nepal ; Institute for the integrated development studies (II)

Spaan, E (1999). *Labor crirculation and socio-economic transformation; The case of east Java Indonesia*, unpublished phd thesis, Groninfen: rajksuniversitiet Groningen.

## अनुसूची - १

वैदेशिक रोजगारमा संलग्न व्यक्तिको घरपरिवारका/घरमूलिका लागि तयार गरिएको प्रश्नावली ।

उत्तरदाताको नाम : .................................... मिति : ................................

परिवारको संख्या : .................................... जात : ................................

धर्म : ............................... वडा नं. : ...........................

गा.वि.स. : ............................

| क्र.स. | घरपरिवारको नामावली | घरमूलिको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |

खण्ड 'क'

आर्थिक क्षेत्र

१. तपाईको मूख्य पेशा कुन हो ?

(क) कृषि (ख) पशुपालन

(ग) नोकरी (घ) मजदुरी

२. तपाईसँग जग्गा जमिन छ वा छैन ?

(क) छ (ख) छैन ।

अ) यदि तपाईसँग जग्गा जमिन छ भने कति छ ?

(क) ० देखि २ रोपनी (ख) ३ देखि ६ रोपनी

(ग) ६ देखि ९ रोपनी (घ) १० देखि १५ रोपनी

आ) यदि जिग्गा जमिन छैन भने कसरी जीवनयापन टार्नु भएको छ ?

(क) ज्याला मजदुर गरेर (ख) पशुपालनको व्यापार गरेर

(ग) अरुको जग्गा जमिन अधिया गरेर (घ) जमिन ठेक्कामा लिएर

३. तपाईले खाद्यँन्यको रुपमा के-के उत्पादन गर्नु हुन्छ ?

(क) धान (ख)मकै (ग) गहुँ
(घ) तोरी

अ) खाद्यान्यको रुपमा सबै भन्दा बढी के उत्पादन गर्नुहुन्छ ?

(क) धान (ख)मकै (ग) गहुँ
(घ) तोरी

४. उत्पादन गरेका उत्पादित खाद्यान्यले तपाईको परिवारलाई खानज पुग्छ । पुग्दैन ।

(क) पुग्छ (ख) पुग्दैन

५. यदि खान पुग्दैन भने कहाँबाट जुटाउनु हुन्छ ?

(क) ज्याला मजदुर गरेर (ख) पशुपालन विक्रि गरेर (ग) नोकरी गरेर

६. तपाई यस पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छु (ख) सन्तुष्ट छैन

७. यदि सन्तुष्ट हुनुहुन्छ भने किन हुनुहुन्छ ?

.........................................................................................................

८. यदि सन्तुष्ट हुनुहुन्न भने किन हुनुहुन्न ?

.....................................................................................................

९. घरको किसिम : अवलोकनबाट

(क) पक्की (ख) कच्ची

१०. तपाईको घरमा यातायातको साधन छ कि छैन ?

(क) छ (ख) छैन

११. तपाईको घरमा सञ्चारको साधान के-के छन् ?

(क) रेडियो (ख) टेलिभिजन

(ग) मोवाइल (घ) अन्य

१२. वैदेशिक रोजगारले तपाईको परिवारमा आर्थिक सुधार ल्याएको छ ?

(क) सुधार ल्याएको छ (ख) उस्तै छ (ग) झन विग्रिएको छ

खण्ड 'ख'

सामाजिक क्षेत्र

१. तपाईको परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएपपिछ छोराछोरीको शैक्षिक अवस्थामा परिवर्तन आएको छ, छैन ?

(क) छ (ख) छैन

२. तपाई समाजमा हुने गरेका सामाजिक क्रियाकलापमा सहभागी हुनुहुन्छ ?

(क) हुन्छ (ख) हुदिन

३. वैदेशिक रोजगारमा गएपछि तपाईलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ?

(क) परिवर्तन आएको छ (ख) परिवर्तन आएको छैन

४. वैदेशिक रोजगारमा गएपछि तपाईले आफ्नो श्रीमति/परिवारलाई कहाँ राख्नु भएको छ?..........................................................................................................
....

५. वैदेशिक रोजगारमा गएपछि तपाईको परिवारमा कस्तो खालका परिवर्तन आएको छ ?

..........................................................................................................

६. वैदेशिक रोजगार मार्फत कमाएको पैसाले के गर्नु भयो ?

(क) जग्गा किने (ख) घर बनाए

(ग) ऋण तिरे (घ) बचत गरेको छु

७. तपाईको परिवार वैदेशिक रोजगार जानको लागि स्वास्थ्य सम्बन्धि विमा गर्नु भएको छ ?

(क) गरेको छु (ख) गरेको छैन

८. वैदेशिक रोजगारले तपाईको परिवारको सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको छ ?

(क) ल्याएको छ (ख) ल्याएको छैन

अ) ल्याएको छ भने कुन-कुन कुरामा परिवर्तन ल्याएको छ ?

.............................................................................................................

आ) ल्याएको छैन भने कुन कुरामा परिवर्तन ल्याएको छैन ?

.............................................................................................................

..............

.............................................................................................................

........

अनुसूची - २

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम : ................................ मिति : ..............................

परिवार संख्या : ........................ जात : .........................

धर्म : ........................ वडा नं.: .....................

गा.वि.स. : .......................................................

| क.स. | घरपरिवारको नामावली | घरमूलीको नाता | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

१. वैदेशिक रोजगारमा जानु भन्दा अगाडी तपाईको मूख्य पेशा के थियो ?

(क) कृषि (ख) व्यापार (ग) पशुपालन

(घ) नोकरी (ङ) वेरोजगार

२. वैदेशिक रोजगार प्रति तपाई कसरी आकर्षित हुनु भयो ?

(क) गरिबीको कारण (ख) साथीभाइ गएको देखेर (ग) धेरै कमाइ गर्नको लागि

३. वैदेशिक रोजगारमा जानुको मूख्य कारण के हो ?

४.   वैदेशिक रोजगार को-को मार्फत जानु भएको हो ?

..........................................................................................................

५. वैदेशिक रोजगारमा जानको लागि खर्च कति लाग्यो ?

..............................................................................................................

६. वैदेशिक रोजगारमा जानको लागि चाहिने रकम कहाँबाट जुटाउनु भयो ?

(क) ऋण लिएर (ख) अचल सम्पत्ति धितो राखेर

(ग) जग्गा जमिन बेचेर (घ) बचत रकमबाट

७. वैदेशिक रोजगारमा तापईको वार्षिक आम्दानी कत्ति हन्छ ?

..........................................................................................................

८. वैदेशिक रोजगारमा रहेका समस्या र चुनौतिहरु के-के हुन् ?

...............................................................................................

९. विदेश जाँदा तपाईले कुन देशको एयरपोर्ट प्रयोग गर्नु भयो ?

(क) नेपालको (ख) भारतको

१०. तपाईले अभिमूखिकरण तालिम लिनु भयो कि भएन ?

(क) लिएको छु (ख) लिएको छैन

११. सहमति पत्रमा उललेख भए अनुसारको सेवा सुविधा पाउनु भयो। भएन ?

(क) पाएको छु (ख) पाएको छैन

१२. काम गर्ने वातावरण कस्तो छ ?

..............................................................................................................
..

१३. समयमा तलव पाउनु भयो ?

(क) पाएको छु (ख) पाएको छैन

१४. नेपाली कामदारले सरदर कति घण्टा काम गर्नु पर्ने हुन्छ ?

(क) ६ घण्टा (ख) ८ घण्टा (ग) ११ घण्टा

१५. हप्तामा कति दिन विदा पाउने व्यवस्था छ ?

(क) १ दिन (ख) २ दिन (ग) विदा पाइदैन

१६. वैदेशिक विभागको कार्यसम्पादन प्रति तपाईको दृष्टिकोण के छ ?

..........................................................................................................................